ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

# सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्षः २५ ॥ अंकः २८७ ॥ मंगलबार २४ चैत २०८२ ॥ पञ्चमी ॥ ने.सं. ११४६ ॥ चौलागा ॥ Tuesday 07 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/–

## चैत महिनामा २३ स्थानमा बर्डफ्लु देखियो

सन्देश संवाददाता

काठमाडौं/चैत महिनाको हालसम्मको अवधिमा मात्रै २३ स्थानमा बर्डफ्लु रोग देखिएको छ। पशु सेवा विभागका महानिर्देशक डा. उमेश दाहालले चैतमा मात्र २३ ठाउँमा बर्डफ्लु रोग देखिएको बताए। यसअघि चैत अगाडि यस वर्ष बर्डफ्लु देखिएको थिएन।

यस वर्ष पहिलोपटक चैत ६ गते मोरङ जिल्लाको सुन्दरहरैचा र उर्लाबारी नगरपालिकामा एकै साथ दुई स्थानमा बर्डफ्लु देखिएको थियो। उनका अनुसार सुनसरीमा १२ स्थान, मोरङमा सात स्थान, झापा दुई ठाउँ, चितवनमा एक ठाउँ र काठमाडौंमा एक स्थानमा बर्डफ्लु रोग देखिएको छ। उनले बर्डफ्लु देखिएको स्थानलाई नियन्त्रणमा लिई फैलिन नदेखिएको बताए। उनका अनुसार ती स्थानमा एक लाख चार हजार कुखुरा एवं हाँस नष्ट गरिएको छ। काठमाडौंको त्रिभुवन विश्वविद्यालय परिसरका कागमा बर्डफ्लु देखिएको थियो।

'बर्डफ्लु देखिएको स्थानमा हामीले बर्डफ्लु क्षेत्र घोषणा गरेर आकस्मिक रोग अन्वेषण टोलीले ती पशुपक्षीलाई नष्ट गर्ने काम गरेको छ,' उनले भने, 'हामीले बर्डफ्लु रोग नियन्त्रणमा गरेको कामबाट धेरै नमूनामा बर्डफ्लुको सङ्क्रमण देखिएको छैन।'

# 'प्रदेश सरकार छांयामा पऱ्यो'

सन्देश संवाददाता



हेटौंडा/बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले बजेटको हिसावमा बागमती प्रदेशको बजेटबाट धेरै बिकास निर्माणका कामहरु भएको तर प्रचारप्रसारको अभावमा गुमनाम बनेको बताएका छन्। यही गुमनाम बनेको कारणले नै प्रदेश सरकारको औचित्य नभएको भन्ने भाष्य नेपाली जनतामा परेकोमा उनले चिन्ता ब्यक्त गरे।

सोमबार मुख्यमन्त्रि कार्यालयमा आयोजित अन्तर सम्बाद कार्यक्रममा सहभागि सञ्चारकर्मीहरु संग उनले मेरो नेतृत्वको प्रदेश सरकार गठनभएपछि अनावश्यक खर्च कटौती गर्दै सो रकम जनताकै लागि खर्चिएको दावी गरे। उनले आफुले ८ महिनामा प्रदेश सरकारबाट प्राप्त हुने तलब तथा ईन्धनको रकमले ४ वटा गरिवको घर निर्माण गरिएको दावी गरे।

कार्यक्रममा मुख्यमन्त्री बानियाँले प्रदेश सरकारका अनावश्यक कार्यालयहरू खारेज गरिने र त्यस क्रममा ७ सयभन्दा बढी कर्मचारी कटौती गर्ने रणनीति तयारी गरिएको बताए। प्रदेश सरकारका एक मन्त्रीका अनुसार मन्त्रालय र कर्मचारी कटौतीको प्रक्रिया आउँदो आर्थिक वर्षदेखि लागू हुने अपेक्षा गरिएको छ।

त्यसैगरी, विभिन्न मन्त्रालय अन्तर्गत रहेका निर्देशनालयहरू पनि पुनर्संरचना गरिनेछ। हाल रहेका धेरै निर्देशनालयहरू खारेज गर्दै अब दुई वटा मात्र निर्देशनालय कायम गर्ने योजना रहेको मुख्यमन्त्री बानियांले बताए।

अन्तरसंवादमा बोल्दै उनले आफ्नै कार्यकालमा महत्वपूर्ण र जनमुखी निर्णयहरू गरिएको दाबी गरे। 'म मुख्यमन्त्री भएपछि धेरै सका–रात्मक कामहरू भएका छन्, जसबाट जनताले प्रत्यक्ष लाभ लिएका छन्,' उनले भने। कार्यक्रममा आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले चालु खर्चतर्फ करिब २ अर्ब रुपैयाँ कटौती गरिएको जानकारी दिए। उनले प्रदेशमा हालसम्म ५ हजार १ सय किलोमिटर सडक कालोपत्रे गरिएको पनि बताए। त्यसैगरी, स्वास्थ्य मन्त्री किरण थापाले प्रदेशको स्वास्थ्य क्षेत्रमा उल्लेखनीय प्रगति भएको दाबी गरे। कार्यक्रममा प्रदेश सरकारका विभिन्न मन्त्रालयका मन्त्रीहरूको उपस्थिति थियो।

वर्तमान प्रदेश सरकारले ८ महिनाको अवधिमा पनि जेजजि आन्दोलनका कारण २ महिना अस्तब्यस्त, संघीय निर्वाचनको लागि १ महिना काम गर्न नसकेकता पनि ५ महिनामा पछिल्ला सरकारले १ बर्षको अवधिमा गरेको काम हामीले गर्न सकेको दावी गरे। प्रदेश सरकार खारेजीको आवाज ब्यापकरुपमा उठि–रहेको सन्दर्भमा बागमती प्रदेश सरकारले बिगतको १४ वटा मन्त्रालय घटाउने र करारका करिव ७ सय कर्मचारी हटाएर खर्च कम गराउदै प्रदेश संरचनाको नकारात्मक सोच बदल्ने कोशिसमा बानिया देखिएका छन्।

सत्ता समिकरण के हुंदैछ ?

नेपाली कांग्रेस र नेकपा एमालेबीच बिगतमा भएको आलोपालोको बारेमा सञ्चारकर्मीको प्रश्नमा आलोपालो भागबण्डाबारे आफूलाई थाहा नभएको बताएका छन्। सत्ता साझेदार दल एमालेले बिगतमा कांग्रेससंग भएको सहमतिअनुसार नेतृत्व हस्तान्तरणको विषय उठाइ–रहेको बेला मुख्यमन्त्री बानियांले भागबण्डाबारे अनभिज्ञता देखाएका हुन्। 'भागबण्डाको कुरा मलाई थाहा छैन। पार्टी नेतृत्वलाई पनि यसबारे जानकारी छैन,' मुख्यमन्त्री र मन्त्रीहरू र सञ्चारकर्मीबिचको अन्तरसंवादका क्रममा उनले भने, 'यहां कांग्रेस र एमालेकै मन्त्रीज्युहरू हुनुहुन्छ, उहाँहरूलाई पनि थाहा छैन।'

नेपाली कांग्रेस र एमालेबीच गत वर्ष साउनमा संयुक्त सरकार निर्माण हुंदा २०/२० महिना आलोपालो मुख्यमन्त्री हुने सहमति बनेको थियो। जतिबेला एमालेको समर्थनमा कांग्रेसबाट दलका नेता समेत रहेका बहादुरसिंह लामा मुख्यमन्त्री नियुक्त भएका थिए।

चालु आव २०८१/८२ को बजेटमा पार्टीभित्र विवाद भएपछि जसको बलमा आफ्नो पक्षमा बहुमत सांसद जुटाउँदै तत्कालीन पार्टी सभापति शेरबहादुर देउवाको समर्थनमा बानियांले लामालाई सरकारबाट हटाएर आफू मुख्यमन्त्री बनेका थिए। बानियाँ २० साउन २०८२ मा मुख्यमन्त्री बनेका थिए।

*कुरिटारमा बालश्रमको अवस्था बुझ्न अनुगमन*

# तीन बालबालिकाको उद्धार

सन्देश संवाददाता




हेटौंडा/श्रम तथा रोजगार कार्यालय हेटौंडा, इलाका प्रहरी कार्यालय मुग्लिङ, बालहेल्पलाइन १०९८ हेटौंडा, तथा इच्छाकामना गाउंपालिकाको संयुक्त टोलिले चितवन जिल्लाको कुरिनटार क्षेत्रका बजारमा बालश्रमको अवस्थाको बारेमा अनुगमन गरेको छ।

श्रम तथा रोजगार कार्यालयमा होटलमा बालश्रम प्रयोग भईरहेको भनि सूचना प्राप्त भएपछि इच्छाकामना गाउंपालिकाका वार्ड ४ स्थित बन्दिपुर गुरुङ् होटल एण्ड गेष्ट हाउस, एस.एण्ड पि. होटल, इच्छाकामना होटल एण्ड राना लज, रिजन होटल एण्ड गेष्ट हाउस, लामो झरना होटल, जलबिरेलगायतका होटलहरुमा गरि २ जना बालक र १ जना बालिकासहित ३ जना बालश्रम गरिरहेको अवस्थामा फेला परेको अनुगमन टोलीले जनाएको छ,

उनीहरुलाई अनुगमन टोलीले उद्धारसमेत गरेको छ। टोलीले बन्दिपुर गुरुङ् होटल एण्ड गेष्ट हाउसवाट धादिङ जिल्लाका वर्ष १२ का बालक, एस.एण्ड पि. होटलवाट धादिङ जिल्लाकै वर्ष ११ का बालक र इच्छाकामना होटल एण्ड राना लजबाट चितवन घर भएकी वर्ष १४ को बालिकालाई उद्धार गरि बालहेल्पलाइन १०९८ हेटौंडामा ल्याइएको प्रवन्धक झविन्द्र ज्ञवालीले जानकारी दिए।

कुरिनटार केवुलकार एरियामा पर्यटकहरुको बाक्लो आवतजावत हुने हुनाले यस क्षेत्रमा साना ठुला होटलहरु रहेको र केहि होटलहरुमा अझै पनि बालश्रम प्रयोग भएको हुनसक्नाले अनुगमनका क्रममा बालश्रम भएका होटल ब्यवसायीहरुले बताएका छन।

अनुगमन तथा उद्धार कार्य निकै प्रसंसनीय भएको सो कार्यमा आफुहरुको सहयोग र साथ रहने साथै यस कार्यमा गाउंपालिकाको सहजीक–रणको अपेक्षा रहेको चितवन होटल एसोशियसन इच्छाकामना एकाइका अध्यक्ष पुजन भण्डारी, उपाध्याक्ष पुरुषोत्तम पोखरेललगायत उहाँहरुको टिमको रहेको बताए।

करिव २ महिना अगाडि मुग्लिङ बजारमा बालश्रम अनुगमनपश्चात २ वटा होटलबाट ६ जना बालबालिकाहरुको उद्धार गरिएको थियो भने मध्ये एक होटल संचालकलाइ कारवाहि भएको र अर्को होटलको संचालकको कानुनी कारवाहिको लागि प्रकृयामा रहेको साथै अहिले उद्धार गरिका बालबालिकाहरुको सन्र्दभमा पनि कानुनी कारवाहि अगाडि बढाइने श्रम तथा रोजगार कार्यालयका प्रतिनिधि सर्मिला राईले बताउनु भयो।

अनुगमन तथा उद्धार टोलीमा बालहेल्पलाइन १०९८ का प्रवन्धक एवं प्रदेश बालअधिकार समितिका सदस्य झबिन्द्र ज्ञवाली, श्रम तथा रोजगार कार्यालयका प्रतिनिधि अनित रसाइली र सर्मिला राई, इच्छाकामना गाउँपालिकाको प्रतिनिधि नरेन्द्र गुरुङ, बालअधिकारकर्मी राज गोविन्द शिल्पकार र इलाका प्रहरी कार्यालयका प्रहरीहरुको सहभागि रहेको थियो।

*स्थानीयद्वारा सुरुङमार्गको छानबिन माग*

## मन्त्रालयमा ध्यानाकर्षण पत्र बुझाइयो

सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको बहुप्रतिक्षित हेटौंडा–भीमफेदी–कुलेखानी–काठमाडौं सुरुङमार्ग निर्माणको नाममा सर्वसाधारणबाट उठाइएको रकमको गम्भीर अनियमितता भएको भन्दै स्थानीयहरुले छानबिनको माग गरेका छन्।

सेवा, सहयोग र आवाजमा हामी नामक संस्थाको अगुवाईमा सोमबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबारमा औपचारिक ध्यानाकर्षण पत्र बुझाएको हो।

संस्थाका अध्यक्ष तथा सामाजिक अभियन्ता विशालराज महतको नेतृत्वमा गएको टोलीले नेपाल पूर्वाधार विकास कम्पनीमार्फत् सार्वजनिक–निजी साझेदारी (PPP) मोडेलमा अघि बढाइएको उक्त परियोजनामा आर्थिक अपारदर्शिता, लापरवाही तथा सम्भावित ठगी भएको किटानीसाथ उजुरी गरेको छ।

ध्यानाकर्षण पत्रमा कम्पनीले काठमाडौं–हेटौंडा सुरुङमार्ग निर्माण गरी छोटो समयमै आवतजावत सहज बनाउने, आर्थिक समृद्धि ल्याउने तथा लगानीकर्तालाई आकर्षक प्रतिफल दिने आश्वासन दिंदै देश–विदेशका नेपालीबाट करिब ३१ करोड ७६ लाख रुपैयाँ संकलन गरेको जनाइएको छ। तर, लामो समय बितिसक्दा पनि परियोजनाको काममा कुनै ठोस प्रगति नदेखिएको र संकलित रकमको पारदर्शी विवरण सार्वजनिक नगरिएको भन्दै गम्भीर प्रश्न उठाइएको छ।

'स्थानीय नागरिकले गाई–बाखा बेचेर, ऋण काढेर र जग्गा बेचेरसमेत लगानी गरेको रकम जोखिममा परेको छ," ध्यानाकर्षण पत्रमा उल्लेख गरिएको छ, "कम्पनीका सञ्चालकहरु सम्पर्कविहीन जस्तै भई लगानीकर्तालाई अन्यौलमा पारिएको अवस्था छ, जसले राज्य र निजी क्षेत्रप्रतिको विश्वास कमजोर बनाएको छ।"

संस्थाले तत्काल उच्चस्तरीय छानबिन समिति गठन गरी संकलित रकमको यथार्थ विवरण सार्वजनिक गर्न, परियोजनाको वर्तमान अवस्था स्पष्ट पार्न, हालसम्म काम नगरेको उपयुक्त कारण देखाउन, दोषीलाई कानुनी दायरामा ल्याउन र पीडित लगानीकर्ताको रकम फिर्ता वा क्षतिपूर्ति सुनिश्चित गर्न माग पत्रमा उल्लेख गरिएको छ।

मन्त्रालयमा दर्ता भएको उक्त ध्यानाकर्षण पत्र आवश्यक प्रक्रिया पूरा गर्दै कार्यान्वयन तहमा जानेमा विश्वस्त रहेको अध्यक्ष महतले बताए। 'जनताको पसिनाबाट जुटेको रकम फिर्ता गराउनु राज्यको दायित्व हो,' अध्यक्ष महतले भने, 'सरकारले यस विषयलाई गम्भीरतापूर्वक लिएर छानबिन गरी दोषीमाथि कारबाही र पीडितलाई न्याय दिलाउनेमा हामी विश्वस्त छौं।'

## अमेरिका र इरानबीच ४५ दिने युद्धविरामको अन्तिम प्रयास !



हेटौंडा/अमेरिका र इरानबीच ४५ दिनका लागि युद्धविराम गराउन मध्यस्थकर्ताहरूले अन्तिम प्रयास गरिरहेका छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मंगलबारसम्ममा 'स्ट्रेट अफ हर्मुज' नखोले इरानका सबैखाले भौतिक पूर्वाधारमा प्रहार गरी ध्वस्त गर्ने धम्की दिएका छन्। यदि अमे–रिकाले त्यसो गरे इरानले पनि मध्यपूर्वका देशका सार्वजनिक संरचनाहरूमा प्रहार गर्नेछ। त्यस्तोमा जारी युद्ध अझ धेरै ध्वंसात्मक भएर विश्व अर्थतन्त्र नै समस्यामा पर्न सक्छ।

त्यसैले बाँकी समयमा ४५ दिने युद्धविराम गराउन मध्यस्थकर्ताहरूले अन्तिम प्रयास गरिरहेको अमेरिकी अनलाइन एक्सियसले लेखेको छ। युद्धविराम हुने सम्भावना न्यून भए पनि युद्ध थप भड्किन नदिन अन्तिम प्रयास भइरहेको स्रोतहरूको हवाला दिँदै एक्सियसले जनाएको छ।

युद्ध रोक्न पाकिस्तान, इजिप्ट र टर्कीले अन्तिम प्रयास गरिरहेका छन्। साथै ट्रम्पका विशेषदूत स्टिभ विटकफ र इरानका विदेश मन्त्री अब्बास अराग्ले पनि एक अर्कालाई 'टेक्स्ट मेसेज' पठाइरहेका छन्।

मध्यस्थकर्ताहरूले दुई चरणको सम्झौताका सर्तहरूमा छलफल गरिरहेका एक्सियसले खुलाएको छ। जसअनुसार पहिलो चरणमा ४५ दिने युद्धविराम हुनेछ। सो अवधिमा युद्धको स्थायी अन्त्यका लागि वार्ता गरिनेछ। यदि वार्ताका लागि थप समय आवश्यक भएमा युद्धविरामको अवधि थप गर्न पनि सकिने छ।

हर्मुज पूर्णरूपमा पुनः सञ्चालन गर्न र इरानको आणविक हतियार कार्यक्रमबारे अमेरिकी अडानबारे भने दोस्रो चरणको अन्तिम शान्ति सम्झौतामा मात्रै सहमति हुने ब्यहोराको अमेरिकी आशयपछि बार्ता हुन लागेको हो।

# श्रम, रोजगार र यातायात क्षेत्रमा 'जिरो टोलरेन्स' लागू

सन्देश संवाददाता



हेटौंडा/बागमती प्रदेश सरकारले श्रम, रोजगार तथा यातायात क्षेत्रमा सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र परिणाममुखी बनाउन 'जिरो टोलरेन्स' (शून्य सहनशीलता) नीति कडाइका साथ कार्यान्वयनमा ल्याएको जनाएको छ।

सोमबार श्रम, रोजगार तथा यातायात मन्त्रालयद्वारा आयोजित सञ्चारकर्मीसागको अन्तरक्रियामा मन्त्रालयका मन्त्री जयराम थापाले सेवा प्रवाहका क्रममा हुने अनियमितता, ढिलासुस्ती र बेथिति अन्त्य गर्न मन्त्रालयअन्तर्गतका सबै कार्यालयहरुलाई स्पष्ट निर्देशन दिइएको उल्लेख गरे। साथै, सेवाग्राहीलाई सहज, छिटोछरितो र गुणस्तरीय सेवा प्रदान गर्न बिचौलियालाई कार्यालय प्रवेशमा निषेध गरिएको उनले जानकारी दिए।

मन्त्री थापाका अनुसार सार्वजनिक यातायातलाई सुरक्षित, व्यवस्थित र प्रविधिमैत्री बनाउने लक्ष्यका साथ नीतिगत, संरचनागत र कार्यान्वयन तहमा सुधार अघि बढाइएको छ। सवारी दर्ता, चालक अनुमतिपत्रलगायतका सेवाहरुलाई डिजिटल माध्यममार्फत् सरल र पारदर्शी बनाउने कार्य भइरहेको उनले बताए।

मन्त्रालयमार्फत्का सेवा प्रवाहमा देखिएका कमजोरीप्रति मन्त्रालय गम्भीर रहेको उल्लेख गर्दै उनले सम्बन्धित कार्यालय प्रमुख र कर्मचारीलाई जिम्मेवार, जवाफदेही र सेवामुखी बन्न निर्देशन दिइएको बताए। जनताले प्रत्यक्ष अनुभूति गर्ने गरी सेवा सुधार गर्नु मन्त्रालयको पहिलो प्राथमिकता रहेको उनको भनाई छ।

यस्तै, पछिल्लो समय सीपमूलक तालिम, उद्यमशीलता विकास तथा वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन विभिन्न कार्यक्रम सञ्चालन गरिएको मन्त्रालयले जनाएको छ। युवालाई आत्मनिर्भर बनाउने उद्देश्यले स्वरोजगार उन्मुख तालिमहरु सञ्चालनमा ल्याइएको र श्रमिकको सामाजिक सुरक्षा तथा हक अधिकार प्रवर्द्धनमा पनि जोड दिइएको छ।

आगामी दिनमा रोजगारीका अवसर विस्तार, श्रमिक अधिकार संरक्षण, सुरक्षित वैदेशिक रोजगारी प्रवर्द्धन तथा यातायात प्रणालीको व्यवस्थित विकासमा थप प्रभावकारी रुपमा काम गर्ने प्रतिबद्धता मन्त्रालयले व्यक्त गरेको छ।

## पार्किङ हटाउन प्रहरी सक्रिय



सन्देश संवाददाता

हेटौंडा/जिल्ला प्रहरी कार्यालय मकवानपुर र जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले सोमबार हेटौंडा क्षेत्रका राष्ट्रिय राजमार्गमा अव्यवस्थित रूपमा पार्किङ गरिएका सवारी साधनहरू हटाएको छ।

हेटौंडा उपमहानगरपालिका–१, २, ४, १० र ११ नम्बर वडा क्षेत्रभित्र पर्ने राजमार्गमा अनावश्यक रूपमा पार्किङ गरिएका सवारी साधन हटाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरिक्षक पुस्कर बोगटीले बताए।

यसअघि पनि यस्ता कार्यक्रमहरु सञ्चालन गरिता पनि ब्यापारीको अवरोधका कारण सवारी हटाउने अभियान प्रभावकारी कार्यान्वयन हुन सकेको थिएन।

हेटौंडा भएर जाने महेन्द्र राजमार्ग, त्रिभुवन राजमार्ग र कान्तिलोकपथदेखि भित्री सडकसम्म जताततै ट्र्याक्टर, म्याजिक, अटो, मयुरी मोटरसाइकललगायत साना सवारी साधनहरु जथाभावी पार्किङ गर्ने प्रवृत्ति बढ्दो रहेकोको कारण राजमार्ग साधुरो भएको थियो। यसले यातायात व्यवस्थापनमा समस्या सिर्जना गर्नुका साथै दुर्घटनाको जोखिमसमेत बढाएको छ।

प्रहरीले भोलि चैत २४ गतेदेखि राजमार्गको दायाँबायाँ सवारी साधन पार्किङ नगर्न आम सर्वसाधारणलाई अनुरोध गरेको छ। यदि उक्त निर्देशनको उल्लङ्घन गर्दै पार्किङ गरेको पाइएमा कानुन बमोजिम कडा कारबाही गरिने स्पष्ट पारिएको छ।

## आपराधिक गतिविधिमा संलग्न १८ पक्राउ

सन्देश संवाददाता



हेटौंडा/जिल्ला प्रहरी कार्यालय मकवानपुरले विभिन्न आपराधिक गतिविधिमा संलग्न रहेको आरोपमा १८ जनालाई नियन्त्रणमा लिएको छ। मकवानपुर प्रहरीले सञ्चालन गरेको 'अपरेशन ड्रप' अभियानअन्तर्गत गुण्डागर्दी, अवाञ्छित गतिविधि तथा सर्वसाधारणलाई दुःख दिने १८ जनालाई पक्राउ गरिएको हो।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीका अनुसार हेटौंडाका विभिन्न वडाबाट ऊनीहरुलाई नियन्त्रणमा लिइएको हो। पक्राउ पर्नेमा हेटौंडा उपमहानगरपालिका–१ बस्ने २२ वर्षीय नसिव बोटेला, ३३ वर्षीय फारुक अन्सारी, हेटौंडा–११ का ४५ वर्षीय बर्दीबहादुर तामाङ, हेटौंडा–१३ का ३० वर्षीय सुमन लोचन, हेटौंडा–१२ का २९ वर्षीय कमल सिंह ब्लोन, २८ वर्षीय अजय स्याङतान, २३ वर्षीय अर्पण स्याङतान, ३२ वर्षीय सविन थिङ र ३४ वर्षीय अर्जुन ब्लोन तामाङ रहेका छन्।

प्रहरीका अनुसार हेटौंडा–११ का २२ वर्षीय सुरज श्रेष्ठ, ३१ वर्षीय सुभम थिङ, २५ वर्षीय नवाज गुरुङ, २२ वर्षीय सन्तकुमार महर्जन, २७ वर्षीय दिपेश लामा, हेटौंडा–१३ का २१ वर्षीय रोजेन ओझा, हेटौंडा–१४ का १९ वर्षीय राहुल तामाङ, हेटौंडा–६ का २१ वर्षीय नविन गौतम तथा रौतहटको फतुवा विजयपुर नगरपालिका–१० का २८ वर्षीय रवि तिमिल्सिना रहेका छन्।

## कैलाशमा स्वास्थ्य स्वयंसेविकालाई आधारभूत तालिम सुरु

सन्देश संवाददाता




हेटौंडा/मकवानपुरको विकट मानिने कैलाश गाउँपालिकामा राष्ट्रिय महिला सामूदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई १० दिने आधारभूत तालिम सुरु भएको छ। सोमबार एक कार्यक्रमका बीच नयाँ रहेका स्वयंसेविकाहरुलाई आधारभूत तालिमको सुरु गरिएको हो।

जनस्वास्थ्य कार्यालय मकवानपुरले गाउँपालिकासँगको समन्वयमा तालिमको आयोजना गरिएको हो। तालिमलाई उद्घाटन गर्दै गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले स्वास्थ्य क्षेत्रकै ठुलो मेरुदण्डको रुपमा स्वास्थ्य स्वयंसेविका दिदीबहिनीहरु रहेको बताउँदै स्वंयसेविकाहरुलाई क्षमता, ज्ञान र सीप दिइदैं अघि बढाइने बताए।

अध्यक्ष मुक्तानले तालिमपश्चात सिकेको सीपलाई स्थानीय समूदायमा गएर तपाईहरुले गर्नुपर्ने भूमिका, काम कतर्व्य र अधिकार प्रयोग गरी जिम्मेवार भएर काम गर्न आग्रह गरे। यहाँहरुले समूदाय परिचालन र समूदायमा गएर गरिने स्वास्थ्य सेवा प्रवाहलाई ध्यानमा राखेर काम गर्न अनुरोधसमेत गरेका छन्। समूदायमा काम गर्दा पर्ने समस्या भए स्वास्थ्य शाखासँग सहकार्य र समन्वय गर्न समेत आग्रह गरेका छन्।

कार्यक्रममा जनस्वास्थ्य कार्यालय मकवानपुरका निमित्त प्रमुख लक्ष्मण घिमिरेले स्वास्थ्य स्वयंसेविका भइ कार्य गरेका नयाँ स्वंमसेविकालाई तालिमको आयोजना गरिएको बताए। १० जनाको संख्या पुगेपछि कार्यालयले आधारभूत तालिमहरु प्रदान गर्ने गरेका छौं, उनले भने, कैलाशमा ११ जना नयाँ भएकाले उहाँहरुको ज्ञान, सीप र क्षमता वृद्धि गर्न तालिम दिन थालिएको बताए।

तालिमपश्चात बक्स प्रदान गर्नेछौ, त्यसमा आवश्यक पर्ने औषधि र सामाग्रीहरु रहने घिमिरेले बताए। कैलाश मकवानपुरकै विकट स्थानीय सरकार अन्तर्गत पर्दछ। स्वास्थ्यको क्षेत्रमा तीन तहकै सरकारले लगानी गरेकोमा तल्लोस्तरका जनताले सेवा सहजरुपमा पाउनका साथै स्वयंसेविकाहरुको लागि पनि आवश्यक सहयोग गरि–रहेको उनले बताए।

११ जना स्वास्थ्य स्वयं–सेविकाहरुको सहभागिता रहेको तालिमलाई सिनियर अनमी तारा थापा र आशा गुरुङले सहजीकरण गरिने स्वास्थ्य शाखा प्रमुख तिलक प्रसाद गौतमले बताए।

सहभागीहरुलाई तालिम अवधिभर खाना र आवासको व्यवस्था गरिएको समेत उनले बताए। कार्यक्रममा जनस्वास्थ्य कार्यालयका लेखा प्रमुख अनिता न्यौपाने, स्वयंसेविका फोलक पर्सन आयुश्मा दाहाल, उर्मिला आचार्य, स्वास्थ्य शाखा प्रमुख तिलकप्रसाद गौतम लगायतको उपस्थिती रहेको थियो।

**उखान:** अनिकालको मानु, दिनु न खानु !

**बेलाको बोली**

आधा दुःख गलत मानिससँग भरोसा राख्दा हुन्छ, बाँकी दुख सत्य मानिसमाथि संशय गर्दा हुन्छ ।

– *अज्ञात*

## सम्पादकीय

# हप्तामा दुई दिने विदाको तरंग

*सरकारले आईतवार बसेको मन्त्रिपरिषद् बैठकमार्फत् सोमबार देखि लागु हुने गरी शैक्षिक संस्था तथा सरकारी कार्यालयहरु हप्तामा दुई दिन बन्द रहने र कार्यालय समय बिहान नौ बजेदेखि शुरू गर्ने निर्णय गरेको छ । यो निर्णय सार्वजनिक भएसँगै नागरिक तहबाट मिश्रित प्रतिक्रियाहरु आउन थालेका छन् । अहिले एकातिर पेट्रोलियम पदार्थको आपूर्तिमा देखिन थालेको असहज अवस्था, बढ्दो यातायात खर्च र ऊर्जा व्यवस्थापनको चुनौतीलाई ध्यानमा राखेर गरिएको निर्णयका रुपमा यसलाई सकारात्मकरुपमा लिइएको छ भने अर्कोतिर विदाको दिन निर्धारणसम्बन्धी विषयले पनि व्यापक स्थान पाएको छ ।*


*विशेषतः शनिबार र आइतबारको सट्टा शुक्रबार र शनिबार विदा हुनुपर्ने सुझाव नागरिकहरुले दिन थालेका छन् । आइतबार विदा हुने विदेशको नक्कल नगरेर नेपाली मौलिक अभ्यासका हिसाबले पनि दुई दिन विदा दिने निर्णय नै गर्ने हो भने शनिबार आइतबारको सट्टा शुक्रबार आइतबार बिदा दिनुपर्ने मत राख्नेहरुको संख्या पनि सानो छैन । यसलाई नागरिकको भावना सँगसँगै प्रशासनिक सहजताको कोणबाट पनि बुझ्दै बुझाउँदै निर्णयमा पुग्दा मात्रै यसको कार्यान्वयनमा सहजता हुन सक्ला । तर यस्ता निर्णयहरु केवल प्रशासनिक सुविधामा सीमित हुनुहुँदैन । यसले नागरिक जीवनमा पार्ने प्रभावलाई विश्लेषण गरेर मात्र कार्यान्वयनमा जाँदा राम्रो हुन्छ । नेपालजस्तो भौगोलिक विकटता र विविध सामाजिक-आर्थिक संरचना भएको देशमा अझै पनि सरकारी सेवाको पहुँचमा छैन । नागरिकहरुको पायकमा सरकारी कार्यालय नभएका ठाउँहरु धेरै छन् । दुई दिन कार्यालय बन्द हुने निर्णय कार्यान्वयनमा जानुपूर्व वैकल्पिक व्यवस्था जस्तै अनलाइन सेवा विस्तार, सेवा समय लचकता, तथा आवश्यक सेवाहरु निरन्तर सञ्चालन हुने सुनिश्चितता पनि उत्तिकै जरुरी हुन्छ ।*

*सरकारको मुख्य ध्यान बिदा बढाउनेभन्दा सेवा कसरी प्रभावकारी बनाउनेमा केन्द्रित हुनुपर्छ । बिहान ९ बजे शुरु हुने कार्यालय समय र सेवा प्रवाहमा कर्मचारीको छरितोपन हुने हो भने यो कमी सजिलै पूर्ति हुन्छ । त्यस्तै नागरिकले पनि समय व्यवस्थापन, अनलाइन सेवा प्रयोग र अनुशासनमा ध्यान दिँदा मात्र यस्तो नीति सफल हुन सक्छ । सरकारका यस्ता नीतिनियमबारे नागरिकहरुसम्म जानकारी पुर्याई सेवालाई चुस्त दुरुस्त बनाउनुको बिकल्प देखिदैन ।*


**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

# टिक्ला त ५ वर्ष 'बालेन सरकार'



✍ **चेतप्रसाद पौडेल**
(सैपुले साहिंलो)




वि.सं. २००४ सम्झनालायक वर्षका रुपमा लिइन्छ । पदमशम्शेर ज.ब.रा. अन्तिम प्रधानमन्त्री बन्नुभएको साक्षी छ । १०४ बर्ष चलेको राणा शासन विश्राम लिन र प्रजातन्त्रको उदय हुनुका निमित्त ७ फागुन पर्खिनु पर्ने अवस्था श्रृजना भएको थियो। भारत राष्ट्रका तत्कालीन प्रधानमन्त्री जवाहर लाल नेहरुले त्रिपक्षीय समझदारी कायम गरेर नेपाल फर्किएपछि श्री ५ त्रिभुवनको पवित्र दिनको छनोट गरेर सम्बोधन गर्ने त्योदिन नेपाली जनताका निमित्त पावन पर्व र पवित्र दिन थियो । प्रत्यक्ष रुपमा अभिभावकीय भूभिका निर्वाह राजाले गर्ने र आवधिक निर्वाचद्धारा गठन हुने सांसद संसदबाट निर्वाचित प्रधानमन्त्रीको नेतृत्वमा शासन सञ्चालन गर्ने सम्झौता भयो । राजा त्रिभुवन र महेन्द्रका बीचमा पनि सहमति हुन नसक्दा ८ वर्षसम्म विधिवत् चुनाव हुन सकेन । ४ वर्षपछि श्री ५ त्रिभुवनको देह उत्सर्ग र श्री ५ महेन्द्रको उदय हुन पुग्यो । १ पुस २०१४ मा शाही सम्बोधनद्वारा ७ फागुन २०१५ मा निर्वाचन हुने तिथि तय भयो ।

वि.सं. २०१५ सालमा दललाई प्रजातान्त्रिक अभ्यासमा अगाडि बढाउने शुभदिनकारुपमा लिइन्छ । अहिलेको रा.स्व.पा जस्तै त्यो बेला नेपाली कांग्रेसले दुईतिहाइ मत ल्याएर ठूलो दल बन्न सफल भयो। प्रतिनिधिसभामा १०९ सदस्यीय व्यवस्था भएअनुसार ७४ सिटको जनादेश प्राप्त भएर नेपाली कांग्रेस सत्ताआरोहण गर्ने शुभअवसर मिलेको थियो। सूवर्ण शंमशेर जवरा ३ स्थानबाट विजयी भएता पनि उहाँले प्रधानमन्त्रि बन्न चासो राख्नु भएन। श्री ५ महेन्द्र पनि वी.पि.भन्दा सुवर्ण शमशेर प्रधानमन्त्रि भए हुन्थ्यो भन्ने चाहाना देखिन्थ्यो नेपाल राष्ट्रमै पहिलो संसद हुने भएबाट पनि ऐतिहासिक प्रजातन्त्रमा भनेर सुनौला अक्षरमा लेखिन्छ। त्यो चाहाना हुनु पनि सुन्दर पक्ष मान्न सकिन्थ्यो। २०१६ बैशाख २१ गते सूवर्ण शमशेर जवराको निवासमा बसेको केन्द्रीय समिति र संसदय दलको संयुक्त बैठकद्वारा विश्वेवरप्रसाद कोइरालालाई संसदीय दलको नेतामा चयन गरिनुले सूवर्ण शमशेरको त्यागको प्रशंसा उपस्थित सबैले गर्नुभयो, जुन स्वभाविक पनि थियो ।

सुवर्णशमशरले त्यो समयमा दिएको अभिव्यक्तिप्रति प्रतिगामीले ८-९ बर्षदेखि ठूला-ठूला प्रयास नगरेका होइनन् । आज दुई तिहाइ बहुमत प्राप्त गर्दा पनि यहाँका क्षुद्र पत्रपत्रिकाले पार्टिमा फुट कलह आउँछ भनेर चिल्लाए। तर हामी यति सुसंगठित छौ की त्यसको आँचसम्म पनि पार्टीभित्र पर्न सकेन। आजभन्दा पहिले हाम्रो एकतालाई बिगार्न अनेकन कार्य भएका थिए, तर हामी डगेनौं । आज पनि हामी र हाम्रो बीचमा ऐक्यबद्वता र सुसंगठित कायम छ। यो प्रशंग आज सुवर्ण र वि.पि. बीचैका दृष्यन्त बालेनबीचमा चिनाएर हेर्दैछ । प्रकृति आजको आलेखको हृदय सम्झनु भए हुनेछ पाठकवर्गले ।

श्री ५ महेन्द्रको चाहना सुवर्णप्रति रहेको र ३/३ स्थानबाट विजयी हुनु भएका व्यक्तित्व वि.पि.लाई स्विकार्लान भन्ने नै लाग्दैनथ्यो । जसरी पार्टी सभापति रवि लामिछाने हुनुभयो दलको नेतृत्व हस्तान्तरणमा कठीन छ। जनताको आकाक्षा जिज्ञासा सुवर्ण शमशेरले वि.पि.लाई संसदीय दलको नेता चयन गरेर प्रधानमन्त्रि बन्ने सुवर्ण मौका दिनुभयो, त्यसरी नै रवि लामिछानेले अन्तिम समयमा पार्टीका तमाम कार्यकर्ता सांसद सहितको उपस्थितिमा बालेन्द्र शाहलाई संसदीय दलको नेतामा चयन गर्नुभयो र नेपाल राष्ट्रको ४० औं प्रधानमन्त्री बन्ने मूल बाटो चयन गरिदिनु उहाँको त्यागको नमूना मान्न सकिन्छ। नेपाल राष्ट्र र नेपाली जनता अनि राष्ट्रको संविधान ३ कुराको ख्याल गरेर स्वतन्त्र मुलुक, जहाँ कुनै राष्ट्रले गिद्दे नजर नलगाको राष्ट्र हो नेपाल, भनेर विश्वमा चिनारी गराउनु नेपालीको चाहना छ ।

वि.स २०१६ जेठ १३ गतेका दिन नेपाली जनताका तर्फबाट नेपालीका सुपुत्र विश्वेश्वर प्रसाद कोइराला प्रधानमन्त्रि बन्नुभयो। त्यो दिन नेपालको इतिहासमा सुनौला अक्षरमा लिपिवद्ध भएको छ। पहिलो संसदको पहिलो बैठक २०१६ असार १६ गते मध्यरातको ११.४५ बजे बैठक बोलाएर सम्पन्न गर्नु त्यो सहज थिएन। सिंहदरबार जंगलभित्र रहेझै लाग्ने गर्दथ्यो । सांसदलाई टयाक्सी अथवा अन्य सवारी साधन सुविधा थिएन। रातको समय स्यालले आक्रमण गर्ने होकी जस्तो लाग्दथ्यो। सांसदहरुमा चिन्ता लागेको बताउथे। विश्वबन्धु थापा सचेतक हुनुहुन्थ्यो । उहाँको भनाई थियो त्योबेला बैठक बोलाउंदा धेरै समय चल्दैन भन्ने राजाको सोच हो भन्न सकिन्छ । कृष्णाप्रसाद भट्टराई २०१६ साल असार १८ गते सभामुख हुनुभयो। जसरी हालसालै रा.स्व.पा.बाट डि.पि. अर्याल ।

२०१६ असार २१ गते महेन्द्र नारायण निधि उपसभामुख हुनु भएको इतिहास छ। संसद नेपाल राष्ट्रका निमित्त नयाँ थियो । सांसदकारुपमा पनि संसदीय भूमिका कस्तो हुने भन्ने नै लाग्दथ्यो, अभ्यास थिएन। वि.पि.ले सांसदमा पढ्नु हुन्थ्यो, अनि भन्नुहुन्थ्यो बेलायती, भारतीय सांसदहरुका काम कारवाही बारेका किताब प्रशस्त छन्। तपाई सांसदहरु सबैले पढ्नुस् । काम कारवाही प्रक्रिया कसरी अगाडि बढाउन सकिन्छ। हामी यो संसदीय प्रणालीलाई सफलताको शिखर कसरी चुम्ने हो। यो विषयमा हामी सबैले सचेत हुन जरुरी छ भन्ने र घच्घच्याई रहनुहुन्थ्यो । त्यो सारथि नेतामा हुनु पर्ने सबै गुणमा सर्वोत्कृष्ट गुण हो भनिन्छ ।

वि.स.२०१६ असार १६ गते आरम्भ भएको प्रथम अधिवेशन २०१६ आशिन २१ गतेसम्म चलेको पाईन्छ । दोश्रो अधिवेशन २०१६ चैत्र १८ गते आरम्भ भएर २०१७ ३१ भाद्रसम्म चलेको थियो। श्री ५ महेन्द्रले तानावाना बुनी रहनुहुन्थ्यो। संसदको प्रगति होइन, अधोगतितर्फ धकेल्ने भएर मात्र यी दुई अधिवेशन चलाएर चल्न दिएर संसदीय प्रजातन्त्र माथि नै धावा बोल्न बाध्य हुनुभएको इतिहास भन्दछ। अन्तत २०१७ पुस १ गते जनादेश निमोठेर अन्त्यका निमित्त प्रधानमन्त्री वि.पि. कोइरालाई सेनाद्वारा पक्रेर जेल चलान गर्ने दृष्कर्म प्रत्युत्पन्न भयो। यो चक्र २०३६ भएर २०४६ साल ल्याउन बाध्य हुनुपर्‍यो जनताले । पञ्चाती व्यवस्थाको उदयले देशमा लुटपाट मारकाट' चल्यो । जनता गाँस-बास कपास-शिक्षा-स्वास्थ्य-रोजगार आदिको खोजमा तड्पिरहनु पर्‍यो। अन्त्यमा नेपाल राष्ट्रमा रहेका कांग्रेस, कम्युनिष्ट सबैमा ऐक्यवद्वता कायम भयो। जनआन्दोलनका अगाडि पञ्चायती व्यवस्था ढल्यो । पञ्च शासकहरु परास्त हुने बाध्यात्म अवस्था श्रृजना भयो ।

वि.सं. २०४८ सालमा जनआन्दोलनको सफलतापछि प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भयो। २०५ सिट प्रतिनिधिसभामा नेपाली कांग्रेसले ११० सिट जितेको थियो । कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री बन्नु भयो। उहाँकै नेतृत्वमा भएको चुनावमा उहाँ स्वयम् चुनावमा हार्नु भयो। भट्टराई परास्त भएपश्चात गिरिजा प्रसाद कोइराला प्रधानमन्त्री बन्नुभयो । नेपाली कांग्रेसभित्रकै पार्टी कलहकै कारण संसद विघटन र २०५१ मा मध्यावधि चुनाव राज्यले ब्यहोर्नु पर्‍यो। त्यसपछि क्रमश २०५१-२०५६, २०५६-२०६३, २०६४-२०६९, २०७०-२०७४, २०७४-२०७९ र २०८४ मा हुनुपर्ने प्रतिनिधिसभाको चुनाव २०८२ फागुन २१ मा सम्पन्न भएको छ। रा.स्व.पा ले १८२ स्थान पाएको छ । राष्ट्र, जनता र संविधानको बारेमा के गर्छ ? नेपाली जनता अपेक्षा गर्दैछन् ।

*: समाप्त :*

---

# सरकारको हतारो र समयको चटारो



✍ **उपेन्द्र प्रेमी**

नेपालमा यतिखेर नयाँ आकार प्रकारको 'नेपाल सरकार' खडा छ । नियुक्ति, शपथ र गठन लगत्तै यो सरकार त्यसप्रकार उभिएको मात्र होइन, गोडाका चाल अर्थात् 'कार्य-कदम' पनि फटाफट चलेका छन्। १०० दिने, १८० दिने, महिना दिने, वर्ष दिन र पुरै कार्याविधिभित्र के गर्ने भन्ने रुटिन, खाका योजना पनि जनसमक्ष अघि सारिएका छन् ।

बटुकहरूको स्वस्ती वाचन र गुरुहरूको मंगल-वादनका साथ शुद्धि वृद्धिसागाले र ल्याइएका ती कार्यतालिका आकर्षक, कर्णाप्रिय पनि छन्। यस्तो ठान्नेहरू सरकार शुभारम्भमा रहेको मान्दछन्। तर, प्रकट वा अप्रकटरूपमा कतिले यसलाई सस्तो लोक-प्रियता, हतारो र समयको चटारोभन्दा बेतुकको लठारो भन्ने भावना पनि राख्छन् । नयाँ जोगीले अलि बढी नै खरानी घस्ने र नयाँ आउने सरकारले सुरुमै मिठो गुलियो चखाउने नेपाली लोकोक्ति नै हो । त्यसैले समय सन्दर्भ सिक्दै हेर्दै 'शनैः पन्था' गर्नुको साटो हतारो र चटारो कताकता स्वाभाविक भएन कि भन्ने टिप्पणी पनि यत्रतत्र गरिन्छ ।

*आदर्श: शुभस्य शीघ्रम् :*

आरम्भ शुभबाटै हुनुपर्छ, शुभारम्भले राम्रै परिणाम, सुन्दर सम्पादन र सही समापन गर्छ, ल्याउँछ भन्ने आदर्श हो। त्यही शुभ नामको आदर्श शपथ समारोहदेखि कार्य थालनी गर्दाखेरी देखिएको छ। नयाँ सरकारको यो सुरुआती विषयलाई कतिले उज्यालो दिनलाई देखाउने 'शुभ-प्रभाती' भनी मानेका छन्। हो, काममा अलमल किन ? कामका निम्ति आइतबार नै किन ? साइत नै जुराउनुपर्ने पनि किन ? डे वानदेखि नै स्टार्ट गरे राम्रो भन्ने पनि कथन छ ।

चाँडो हिँड्ने, छिटै सुरु गर्ने र बेलैमा पुग्ने भन्ने मान्यता हो । त्यसैले सही ठानिएको र राम्रो भनी मानिएको काम बेलैदेखि मेलो चलाइहाल्नु राम्रो । तर, चाँडै चाँडै गरिहाल्ने, छिटोछिटो हिँडी हाल्ने, सुझनबुझ दौडिहाल्ने कुराले कताकता हतारो र चटारो पो हुन्छ कि भन्ने अर्को मत पनि रहन्छ । हतारमा गरिने शीघ्रातिशीघ्रको चटारोले फत्तुरोमा पो पार्छ कि, कुनै लतपतमा पो परिन्छ कि भन्ने पनि दृष्टिकोण पाइन्छ ।

*छोटो आसन राम्रो शासन :*

सरकार मात्र शासन प्रशासनको होइन । सर- कारको आसन, हुकुमी आदेश र मनलाग्दी राज- काजी परिवेशका निम्ति पनि होइन। आसन कुशको आफ्नै प्रकृति परिस्थितिको होस्, तर, पूजा कर्म पवित्रता तथा निष्ठापूर्वक होस् । त्यो गद्दामा बसेर पोज देखाइरहने भन्दा पनि आफ्नो देश समाज अनुकूलको सोचमा रहोस् । संधैंभरी राज गरूँ र सधैं राजकाज चलाइरहुँ भन्ने हिसाबले दीर्घकालीन भनेर १०-२० वर्षको फोस्रा कार्यक्रमको घोषणा गरेर केही काम छैन ।

आसन छोटो होस्, काम मोटो बनोस् तब यो शासन सत्ताको अर्थ रहन्छ। सरकारमा थोरै समय बस धेरै काम गर, त्यो अर्थकारी हुन्छ । राजनीतिशास्त्रका एक विद्वानले ठिकै भनेका छन्, 'छोटो समयको सरकार नै उत्तम सरकार हो' । सधैंभरी एकै खान्की सुस्वाद हुँदैन, बदली बदली थरीथरी स्वादका लागि थरिथरिका परिकार पस्कादै जाउ । हरेक नयाँ सरकार नयाँ नयाँ सुस्वाद परिकारका निम्ति आउनुपर्छ र त्यसले छिटै नयाँ स्वाद चखाएर जानुपर्छ। हो त्यही प्रश्न बालेन सरकार उपर छ, के मिठो स्वादिष्ट परिकार बन्दैछ ? तर, यो ठिक प्रश्नको उत्तर सटिक हो वा होइन ।

*परिवर्तनमा सन्तुलन :*

मुलुकवासीले खोजेको आजको खाँचो परि-वर्तन हो। शासन प्रशासनमा जमेर रहेका विकार अंगार र कसिंगरलाई बढारेर सफा सुग्घर पार्नु यतिखेरको आवश्यकता हो । त्यसका निम्ति कार्यविधि, शैली, तौरतरिकामा परिवर्तन, हेरफेर, फेरबदल हुनैपर्छ। तर, परिवर्तन, नयाँपन, नौलो कदम भनेर उखर्माउलोढंगले, तुफानी सुनामी लहर ल्याई हाल्नु उचित हुँदैन । परिवर्तन सन्तुलनमा हुनुपर्छ, हावा, हौवा, द्वेष-राग र उन्मादमा होइन, सौम्य नवीनता समन्वय एवम् पारस्परिक सहकार्यमा खोजिनु पर्छ ।

राज्यका कामकाज अर्थात् राजकाज विधि पद्धतिबाट सञ्चालन हुनुपर्छ । राज्य राजनीतिले राज्यका दलीय नेताले चलाउने होइन, हो दल-संगठन, सामाजिक संघ/संस्था, वर्गीय समाज, अधिकारवादी वा सरोकारवाला समुदायको माग मान्यताको सुनुवाइ राज्यले अवश्य गर्नुपर्छ र सरकारको सापेक्षता त्यसमा रहनुपर्छ। तर चलन चल्ती र पद्धतिभित्र रहेका कतिपय मूलभूत मामिलामा परिवर्तन गर्दा पहिले आफ्नो टिममा, आफ्नो कार्य समूहमा, सरोकार पक्षमा तथा सर्वदलीय सर्वपक्षीय तहमा छलफल बहस र विश्लेषण गरिनु उपयुक्त हुन्छ ।

एकांकी यात्रामा र नाटकीय शैलीमा भकाभक फटाफट भारी तामझामका साथ फेर बदल गरियो भने त्यसले राम्रो नतिजा नल्याउन सक्छ । अघिअघिका कतिपय सरकारले नीति, पद्धति, रीतिथितिमा एकाएक परिवर्तन गर्दा कतिपय विवाद खडा भएको त्यसबाट पछाडि फर्कनु परेको र निर्णय सच्याउनु परेको दृष्टान्त पनि देखिन्छन्। यसैले परिवर्तनमा सन्तुलनको सिद्वान्त अवलम्बन गर्नुपर्छ । समन्वय, सामञ्जस्य र सम्बद्ध सबैको र ाय/परामर्शको बाटो समात्दा परिवर्तनको यात्रा सहज नै हुन्छ । कामका निम्ति हुने परिवर्तित प्रक्रियामा आखिर कसैको पनि नाइँ नास्ती हुँदैन। त्यसैले हतारोको परिवर्तनभन्दा सन्तुलितढंगले आवश्यकीय निर्णय लिनु वाञ्छनीय हुन्छ ।

*हिजो, आज र भोलिको हतारो :*

प्रवेश विन्दुबाटै हिजोलाई सराप्ने, हिजोका पात्रहरूलाई पछार्ने, फेर्ने र हतारमा, राम्रोभन्दा हाम्रो भन्ने सिद्धान्त अंगाल्दै आफ्नाहरू गरेर काम बिगार्ने अनि भोलि गएर पछुतोमा पर्ने प्रवृत्तिबाट हामी पन्छिनु पर्छ । हिजोको भन्दैमा त्यो बिल्कुल पुरानो थोत्रो वा अगतिलो भई हाल्दैन । आजको भन्दैमा त्यो सिलिक्कको मिल्दो पनि भइहाल्ने होइन। त्यसैले भोलिको सुखद् सुन्दर परिणामका हेतु, भूत, वर्तमान र भविष्य तीनैकालको विवेकयुक्त सूक्ष्मदृष्टि राख्नै पर्छ ।

निकै पहिलेको कुरा हो, एउटा चलनचल्तीको सार्वजनिक संस्थानमा महाप्रबन्धक भएर दलीय नेताको अनुग्रहबाट आउनु भएछ । इनकमिङ ती जिएम साहेबले 'आउटगोइङ' प्रबन्धकसंग सोध्नु भएछ, यो संस्थानको दायित्व अब कसरी निर्वाह गरूँ ? जबाफमा पूर्वप्रबन्धकले नवागन्तुक ती नवनियुक्त लाई भनेछन्, मैले तपाईंको ज्याकमा तीन खाम राखेको छु, त्यसैअनुसार ३ वर्षे कार्यकाल गुजार्नुस् ।

नवप्रबन्धकले पहिलो पत्ता खोले, लेखिएको थियो 'हिजोकालाई खुब गाली गर्नुस्' । हिजो सबै बिग्रियो म भर्खर आएँ गर्दैछु भनेर १ वर्ष गुजारे उनले । संस्थान बिग्दै गयो, दोस्रो कार्ड खोले । लेखिएको थियो, 'आफ्ना नयाँ मानिस भर्ना गर्नुस्, पुरानालाई खेद्नुस्'। उनले त्यसै गरे, आफ्ना आफन्त हरू भरिएपछि ती सबै निडर र अटेरी भएर निस्के। संस्थान घाटामा गएर बिग्रिएर गयो अनि तेस्रो खाम खोले। लेखिएको थियो, 'अब सरुवा माग्नुस्, कुलेलम ठोक्नुस्' । उनले त्यसै गरे जाँदै, बिगार्दै, कुलेलम ठोक्दै गर्ने यही प्रवृत्ति हाम्रो प्रबन्धमा, हाम्रो व्यवस्थापनमा र हाम्रा विभिन्न संस्थान प्रतिष्ठानहरूमा छ । त्यसैले हिजो के भयो, किन बिग्रियो ? आज के कस्तो सक्षम पात्र चयन गर्ने र कसरी सघाउने अनि भोलि पलायनको बाटोभन्दा राम्रो परिणाम कसरी निकाल्ने, त्यो कुराको सोच विचार हाम्रो हुनुपर्छ। 'डे वान' देखि नै केही पनि हुन्छ ख्याल राखेर बिनाहतारो राम्रो दिशातिर निर्दिष्ट हुनुपर्छ। नवागत आजको सरकारले सोच्नुपर्ने कुरा हो यो पनि ।

*द्रोह र विद्रोह सर्वथा त्याज्य :*

राजनीतिलाई राज्यको मूल नीति भनिन्छ। हो, त्यो राज्यको श्रेष्ठतम् नीतिभित्र पर्दछ । तर, यता आएर कतिपय राजनीतिका विचारक विवेचकहरूले राजनीतिलाई 'गन्धा खेल', मुसा खेल, छली खेल र फट्याइँ नीति भन्ने परिभाषा दिएका छन् । हेर्दा सुन्दा लाग्दछ, अचेलको र ाजनीति जाली मुसा र कथित शक्तिशालीहरूद्वार ा सञ्चालित त्यस्तै दुर्नीति' पो हो कि । विश्वका धेरै देशहरूमा देखिन्छ अहिले राजनीतिमा विद्रोह नै व्याप्त छ । लाग्छ, राजनीतिभित्र द्रोह हुन्छ विद्रोह हुन्छ। राजनीतिको यो युद्व मैदानमा पक्ष पक्षको द्वन्द्व हुन्छ, कहिले ऊ उठ्छ कहिले अर्को पछारिन्छ ।

उठ्नु, पछारिनु राजनीतिको एउटा मान्य नियम जस्तै छ अहिले । त्यस्तो गरी सामाजिक विकारकारूपमा विकसित राजनीति वास्तवमा सही राजनीति होइन। कतिपय देश र त्यहाँको देशीय समाज त्यस्तो परस्पर घृणाको, आपसी दुश्मनीको तथा द्रोह विद्रोहको राजनीतिले गर्दा पतन हुँदै, मासिँदै गएका छन् । नेपाल पनि केही दशकयता देखि राजनीतिको त्यही भासमा मासिँदै गएको आभास हुन्छ। वास्तवमा हाम्रो पुराण, हाम्रा श्रुति-स्मृति, हाम्रो पुरातन र इतिहास सुन्ने बुझ्ने हो भने हामीकहाँ त्यस प्रकारको दूषित राजनीतिलाई घुसाउन नहुने हो। हाम्रो संस्कृति, हाम्रा शास्त्रोक्त नीति पद्धति, हाम्रो विवेक बुद्धि, हाम्रो प्रकृति, भूवनोटको स्थिति तथा धर्म अर्थ काम मोक्षको हाम्रो पुरुषार्थ पद्धतिभित्र द्रोह विद्रोह त्यस्तो राजनीतिले ठाउँ पाउनु हुँदैन । सबै जात जाति, वर्ग समुदाय परस्पर मिलेर जोडिएर, जोगिएर र आफ्नै मूल्य मान्यतामा अडिएर अघि बढिरहेका हामी।

हामीले हाम्रो देशमा त्यस्तो फुट, द्वेष, निषेध, द्रोह विद्रोहको राजनीतिलाई त्याग्नुपर्ने हो, शान्ति एकता र सामञ्जस्य साझा नीति नै हाम्रो राजनीति हुनुपर्ने हो। तर, कताबाट कसरी पस्यो 'डिभाइड एण्ड रुल' को त्यस्तो राजनीति । राष्ट्रिय राजनीति, लोकतान्त्रिक दलीय परिपाटी लाई इन्कार गर्न सकिन्न, तर, त्यसभित्र हामीले द्रोह विद्रोहलाई स्थान दिनु हुँदैन। पालो पालोको कुरा गरेर पालोको पैंचोसरी घच्चा घमासानको, ईर्ष्या द्वेषको आग्रह र पूर्वाग्रहको, एवम् प्रतिशोध र प्रतिरोधको दुर्गन्ध हाम्रो राजनीतिमा नमिसिदिए राम्रो।

अनि फेरिँदै, बदलिँदै आउँदै गरेको सरकारले हतारोमा त्यस्तो बर्बादको ओइरो नलगाएकै राम्रो। सयथरी बाजाभन्दा प्राथमिकतामा सरकारले 'सय कार्यक्रम' ल्याएको छ। यसप्रकारको कार्यक्रमले जनस्तरमा उत्साह पनि छाएको छ, तर, बाजा धेरै बजाउने, त्यसमा लयमा कहीं पनि नपुग्ने भयो भने त्यसको तत्त्व लुप्त हुन्छ । त्यसैले अहिले मूलतः आन्तरिक र बाह्य गरी आधारमा कदम बढाउनु उचित हुन्छ ।

*साभार : सौंय अनलाइन*

## तपाईंको आज

| | |
|---|---|
| **मेष** ज्ञानलाई पनि निखार्ने अवसर प्राप्त हुनेछ । मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । बौद्धिक अभिव्यक्तिको प्रभाव बढ्नेछ । | **बृष** आश्वासन दिनेहरूले आफ्नो प्रतिबद्धता पूरा नगर्न सक्छन् । आफन्तबाट धोका हुन सक्छ। आफन्त र परिवार जनलाई समय दिनुपर्ने हुन्छ । |
| **मिथुन** अवसर र व्यवधानका बीचबाट हुनेछ। अरूको विश्वास जित्न केही समय लागेता पनि प्रयत्न गर्दा दिगो फाइदा हुने काम हातलागी हुनेछ । | **कर्कट** सहयोगीहरूले साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । मिहिनेतले राम्रो परिणाम प्राप्त हुनेछ। भौतिक व्यापारमा विशेष फाइदा हुनेछ । |
| **सिंह** कृषि, पशुपालन तथा घरेलु बगैंचा, फूलबारी र घरको साजसज्जामा समय बित्नेछ। टाढिएका आफन्त, साथीभाइ नजिकिन सक्नेछन् । | **कन्या** अध्ययनमा विशेष प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ। समयमा नयाँ काम प्रारम्भ हुनेछ । |
| **तुला** मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ । बौद्धिक अभि-व्यक्तिको तारिफ हुनेछ । बोलीको क्रियाकलापमा समेत फाइदा हुनेछ। | **बृश्चिक** रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला नयाँ सहयोगीहरू प्रशस्तै भेटिनेछन् । |
| **धनु** बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । पहिलेका कमजोरी सुधार्दै सकिनेछ। बौद्धिक क्षमताको तारिफ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ। | **मकर** खर्च लागे पनि काम बन्नेछ। पछिका लागि केही वस्तु त्याग्नुपर्ला । दोहोऱ्याएर प्रयत्न गर्दा अवरोध हट्न कर्जामार्फत् धन जुटाउन सकिनेछ। |
| **कुम्भ** भेटघाटका लागि समय अनुकूल टाढाका साथीभाइले काममा साथ दिनेछन्। केही खर्च बढ्नेछ। समयमा आलस्य गर्ने बानीले पछि परिनेछ । | **मिन** कर्मयोगको विशेष फल प्राप्त गर्ने समय छ । प्रतीक्षित नतिजाले जगाउनेछ । आयआर्जन बढ्नेछ भने उठ्नुपर्ने रकम हातलागी हुनेछ। |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष


# फेरि सुरु भयो किसान सूचीकरण



काठमाडौं/किसान सूचीकरण प्रणाली पाँच महिनापछि पुन: सञ्चालनमा आएको छ । सूचीकरण प्रणालीमा प्राविधिक समस्या आएपछि गत कात्तिक २५ बाट प्रणाली बन्द भएको थियो ।

प्रणालीमा आएको प्राविधिक अर्थात् सफ्टवेयर प्रणालीमा आएको समस्या समाधान गरेपछि यही चैत १९ गतेदेखि पुन: सञ्चालन आएको छ । आईटी सफ्टवेयर प्रणालीलाई बुझ्ने को विज्ञ नहुँदा प्राविधिक समस्या आउँदा गत कात्तिकमा प्रणाली बन्द भएको कृषि सूचना तथा प्रशिक्षण केन्द्रका प्रमुख सवनम शिवाकोटीले जानकारी दिइन् ।

आईटी सफ्टवेयरसम्बन्धी विज्ञ नहुँदा बाहिरबाट मान्छे नियुक्त गरी सूचीकरण प्रणालीलाई सञ्चालन ल्याएको उनले बताइन् ।

प्रमुख शिवाकोटीका अनुसार यो प्रणालीलाई सुरक्षित र प्रभावकारी बनाउने हो भने सरकारले एउटा आईटी विज्ञ टोली नियुक्त गर्नु पर्नेछ । हामीसँग आईटी सम्बन्धी कुनै विज्ञ टोली छैन । विज्ञ टोली नहुँदा सामान्य समस्या आउँदा प्रणाली नै बन्द हुन्छ । त्यसले गर्दा किसान सूचीकरणमा समेत ढिलाइ हुने उनले बताइन् ।

उनका अनुसार प्रणालीलाई केवल तथ्यांक राख्ने माध्यममात्र नभई अनुदानका मोडलहरू प्रविष्ट गर्ने र किसानलाई सिधै एसएमएस पठाउन सक्ने बनाउने हो । तीनवटै तहका सरकारले दिएको सुविधा एउटै खातामा देखिने गरी बनाउन खोजिएको छ । जिल्ला र स्थानीय तहहरूबाट यसलाई चाँडो किसानलाई दिने सेवासुविधा, अनुदान लगायत पारदर्शी बनाउन पूर्वप्रधानमन्त्री प्रधानमन्त्री केपी ओलीले २०७७ फागुन २३ मा यो कार्यक्रम उद्घाटन गरेका थिए ।

किसानका सूचना तथा विवरण एकीकृत रुपमा व्यवस्थापन गर्न एउटै प्रणालीमा ल्याउने उद्देश्यले कार्यक्रम सुरु भएको थियो । तर, कार्यक्रम सञ्चालन भएको पाँच वर्ष बितिसक्दा पनि सूचीकरण पूरा हुन सकेको छैन । कृषि सूचना तथा प्रशिक्षण केन्द्रका अनुसार हालसम्म २३ लाख ८३ हजार १३ मात्र किसान सूचीकरण भएका छन्, जसमा ७ लाख ९६ हजार ९ सय ४७ कृषक प्रमाणित भएका छन् ।

प्रमाणित हुन बाँकी ३१ हजार ८३८ कृषक छन् भने विवरण अपुग भएका कृषक १५ लाख ५२ हजार ६२८ कृषक छन् । केन्द्रका अनुसार यो प्रणाली सञ्चालन भएको पाँच वर्ष बितिसक्दासम्म ७५३ वटा पालिकामध्ये जम्मा ६५ वटा पालिकाले किसान सूचीकरण कार्य सम्पन्न गरेका छन् । राष्ट्रिय कृषि गणना २०७८ अनुसार नेपालमा ४१ लाख ३० हजार ७८९ कृषक छन् । यही तथ्यांकलाई आधिकारिक मान्ने हो भने अझै १७ लाख ४७ हजार ७७६ किसान सूचीकरण हुन बाँकी छन् ।

किसानको पहिचान गरी उनीहरुलाई उपलब्ध गराउने सेवासुविधा र अनुदानको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न किसान सूचीकरण कार्यक्रम ल्याइएको हो । किसान सूचीकरण कार्यान्वयन विधि २०७७ अनुरूप विद्युतीय प्रणालीमार्फत किसान घरधुरीलाई सूचीकृत गर्ने गरिएको छ ।

कृषि विकासका लागि तीनै तहका सरकारमार्फत सञ्चालन हुने कार्यक्रम किसानसम्म पुग्ने र किसान केन्द्रित योजना तर्जुमा गर्ने तथा कार्यान्वयन गर्न सहज हुने कार्यविधिमा उल्लेख छ । यो प्रणाली संघ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने भनिएको छ । प्रणालीमा किसानको वैयक्तिक तथा कृषिसम्बन्धि विवरण संकलन गरिनेछ ।

देशभित्र जुनसुकै स्थानमा बसोबास गर्ने कृषि पेशामा आवद्ध व्यक्तिहरु यस प्रणालीमा आवद्ध हुन सक्नेछन् । व्यक्तिले स्वयं वा कृषिसँग सम्बन्धित संघ, प्रदेश वा स्थानीय तहको सहयोगमा प्रणालीको वेबसाइट वा मोबाइल एप्लिकेसनमा फर्त आधारभूत विवरण पेश गर्न सक्ने व्यवस्था छ । पेश भएका किसान सूचीकरणको अभिलेख प्रमाणीकरण सम्बन्धित स्थानीय तहको वडा समितिमार्फत हुनुपर्ने र सम्पर्क इकाइले वडाअनुसार आवेदकको सूचीलगायत विस्तृत विवरण तयार गरी सम्बन्धित वडा समितिमा पेश गर्नु पर्नेछ ।

यसैगरी प्रणालीमा सम्बन्धित किसानको व्यक्तिगत खाता सिर्जना गर्नुपर्ने, व्यक्तिगत खाता प्राप्त किसानले पहिचान संकेत नम्बर प्राप्त गर्नका लागि विस्तृत विवरण पेश गर्नुपर्ने हुन्छ ।

सञ्चित अभिलेखको लागि सम्बन्धित स्थानीय तहका प्रमुखले सम्पर्क इकाइको रुपमा जिम्मेवार व्यक्ति वा शाखा तोक्नुपर्ने र प्रमाणीकरण सम्बन्धित स्थानीय तहको वडा समितिमार्फत हुने व्यवस्था छ ।

*प्रधानमन्त्री कप :*

# हेमन्तको उत्कृष्ट बलिङमा वागमतीविरुद्ध सुदूरपश्चिमको जित



काठमाडौं/हेमन्त धामीको उत्कृष्ट बलिङप्रेरित सुदूरपश्चिम प्रदेशले एक दिवसीय क्रिकेट प्रतियोगितामा वाग्मती प्रदेशविरुद्ध १६३ रनको जित निकालेको छ । यो जितसँगै सुदूरपश्चिम १० अंकसहित शीर्ष स्थानमा उक्लिएको छ । सुदूर पश्चिमले ६ खेल खेल्दा पाँच जित र एकहारसहित यो नतिजा आत्मसात् गरेको हो ।

आइतबार जनकपुरको रामजानकी बहुद्देशीय रंगशालामा सुदूरपश्चिमले प्रस्तुत गरेको २१० रनको लक्ष्य पछ्याएको वाग्मतीले ११.२ ओभरमा सबै विकेट गुमाएर ४६ मात्र बनाउन सक्यो । वाग्मतीलाई सस्तैमा रोक्न हेमन्त धामीको बलिङ निर्णायक बन्यो । हेमन्तको उत्कृष्ट बलिङकै कारण सुदूरपश्चिमले यो जित हासिल गरेको हो । उनले सात विकेट लिएका थिए । ६ ओभर बलिङ गरेका उनले १४ रन खर्चिए ।

दुई मेडन ओभर फ्याकेका हेमन्तको इकोनोमी पनि २.३३ मात्र रहयो । योसँगै हेमन्त प्रतियोगितामा एकै खेलमा सात विकेट लिने दोस्रो खेलाडी पनि बनेका छन् । यसअघि वाग्मतीकै सन्दीप लामिछानेले कर्णालीविरुद्ध सात विकेट लिएका थिए । टोलीका कप्तान शेर मल्लले तीन विकेट लिए । वाग्मतीका शुभ कंसकार टोलीका निम्ति दोहोरो अंकमा रन बनाउने एक मात्र खेलाडी बने । शुभले २५ बलमा पाँच चौका र दुई छक्का प्रहार गरे । यसबाहेक कुनै पनि खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

त्यसअघि पहिलो इनिङमा टस हारेर ब्याटिङमा आएको सुदूर पश्चिमले ४२.१ ओभरमा सबै विकेट गुमाएर २०९ रनको योगफल खडा गरेको थियो । सुदूरपश्चिमका निम्ति नारायण जोशीले ७५ रनको अर्धशतकीय इनिङ खेले । आठौं नम्बरमा ब्याटिङ गर्न आएका नारायणले ६८ बलमा दुई चौका र ६ छक्का प्रहार गरे ।

यस्तै, दीपक बोहराले ४० रन बनाए । दीपकले ४७ बलमा पाँच चौका र दुई छक्का प्रहार गरे । ओनपर अभिषेक पालले ३९ र अविजित रहेका अशोक धामीले १७ रन बनाए ।

वाग्मतीका कप्तान सन्दीप लामिछाने र प्रतिश जिसीले समान चार विकेट लिए । रिजन ढकाल र सोनु देवकोटाले पनि समान एक/एक विकेट लिए । वाग्मतीको भने यो चौथो हार हो । हारबाट वाग्मती चार अंकका साथ तालिकाको आठौं स्थानमा सीमित भएको छ ।

# सरकारी हस्तक्षेप स्वीकार्य छैन, निर्वाचन तत्काल अघि बढाउनु

काठमाडौं/विश्व फुटबल महासंघ (फिफा) र एसियाली फुटबल महासंघ (एएफसी) ले अखिल नेपाल फुटबल संघ (एन्फा) माथि राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले लगाएको प्रतिबन्धबारे प्रतिक्रिया दिएका छन् । राखेपले ११ चैतमा एन्फालाई ३ महिनाका लागि निलम्बन गरेको थियो । यस कदमलाई फिफा र एएफसीले सरकारी हस्तक्षेपको स्पष्ट उदाहरण मानेको छ र कुनै पनि प्रकारको बाह्य हस्तक्षेप स्वीकार्य नहुने बताएका छन् । फिफा र एएफसीले पठाएको संयुक्त पत्रमा, राखेपको निलम्बनलाई तेस्रो पक्षको हस्तक्षेपका रूपमा उल्लेख गरिएको छ । पत्रमा १३ चैतमा स्थगित भएको निर्वाचन प्रक्रिया तत्काल अघि बढाएर ७ दिनभित्र सम्पन्न गर्न निर्देशन दिएको छ ।

यतिबेला एन्फा १३ चैतका लागि निर्वाचन तयारी गर्दै आएको छ । यसैबीच, फिफा र एएफसीका प्रतिनिधि नेपाल आएका थिए । फर्किएपछि उनीहरूले नेपालको निर्वाचन विवाद र हालको अवस्था बारे प्रतिवेदन बुझाए । सोही प्रतिवेदनको आधारमा फिफाले तत्काल निर्वाचन अघि बढाउन निर्देशन दिएको हो । हालको एन्फा कार्यसमितिको कार्यकाल ५ असार सम्म बाँकी छ । तर, एन्फाले आफ्नो विधान र परम्पराविपरीत जिल्ला तथा प्रदेशको निर्वाचन नगरी १६ पुसको बैठकबाट २८ माघमा निर्वाचन गर्ने निर्णय गरिसकेको थियो । यसपछि उच्च अदालत पाटनको अन्तरिम आदेश र निर्वाचन आयोगले आचारसंहिता लागू भएको भन्दै रोक लगाउँदा निर्वाचन लगातार स्थगित भएको थियो ।

फिफा र एएफसीको निर्देशनपछि एन्फाले अब राखेपलाई पत्र पठाएर निलम्बन फुकुवा गर्न अनुरोध गर्ने तयारी थालेको छ । साथै, यदि फिफाको निर्देशनअनुसार निर्वाचन प्रक्रिया अगाडि बढाएन भने त्यसको जानकारी फिफा काउन्सिलमा पठाइने पनि पत्रमा उल्लेख छ । एन्फाले निर्वाचन तयारी गर्दा राखेपले ११ बुँदे निर्देशनसमेत दिएको थियो । तर, एन्फा अध्यक्षका प्रत्यासी दीर्घबहादुर केसी (कुमार) समूहले निर्वाचनमा भाग नलिने घोषणा गरेका थिए भने वर्तमान अध्यक्ष पंकजविक्रम नेम्वाङले अलग समूहसहित चुनाव प्रक्रियामा सामेल थिए । यसअघि माघ २८ र फागुन २७ का लागि पनि निर्वाचन मिति तोकिएको थियो ।

उच्च अदालतको आदेश र निर्वाचन आयोगको निर्देशनका कारण ती मितिहरूमा पनि निर्वाचन स्थगित भएको थियो । यसै क्रममा, चैत १३ का लागि तय भएको निर्वाचन पनि राखेपको निलम्बनपछि टरेको थियो । फिफा र एएफसीले नेपालमा फुटबल विवादमा कुनै सर कारी हस्तक्षेप स्वीकार्य नहुने स्पष्ट पारेको छ । उनीहरूले भनेका छन् कि निर्वाचन प्रक्रिया रोकिएमा त्यसको जानकारी फिफा काउन्सिलमा पठाइनेछ ।

एन्फाले हालको अवस्थामा फिफा र एएफसीको निर्देशनलाई आधार मानेर चुनाव प्रक्रिया अघि बढाउने निर्णय गरेको छ । यसअघि तीनपटक स्थगित भएको निर्वाचन विवादलाई अन्त्य गर्दै एन्फाले अब ७ दिनभित्र निर्वाचन सम्पन्न गर्ने योजना बनाएको छ । यस घटनाक्रमले नेपाल फुटबलमा स्थायित्व कायम गर्न र एन्फाको स्वतन्त्रता सुनिश्चित गर्न आवश्यक कदम चालिनुपर्ने देखाएको छ । फिफा र एएफसीको स्पष्ट निर्देशनले खेल संघ र सरकारबीचको सम्बन्धलाई व्यावहारिक ढंगले व्यवस्थित गर्ने दिशामा संकेत दिएको छ ।

# एक लिटर डिजेल बेच्दा निगमलाई १२० रूपैयाँ घाटा



पेट्रोलियम/पदार्थको मूल्य बढरेसँगै नेपाल आयल निगम लगातार घाटामा गइरहेको छ । निगमको तथ्यांक अनुसार पछिल्लो एक महिना ८ दिनमा मात्रै करिब ११ अर्ब रूपैयाँ घाटा भएको छ ।

पेट्रोलियम पदार्थ किनेर, राजस्व तिरेर, ढुवानी तथा बिक्री गर्दा खर्च हुने रकमको तुलनामा बिक्री मूल्य सस्तो भएकाले घाटा लगातार बढ्दै गएको निगमका निर्देशक मनोज ठाकुर बताउँछन् ।

नेपालले भारतीय आयल कर्पोरेसन (आइओसी) बाट आफूलाई चाहिने सबै किसिमका प्रशोधित पेट्रोलियम पदार्थ खरिद गर्दै आएको छ । आइओसीले अन्तर्राष्ट्रिय बजार बाट किन्ने कच्चा तेलको लागत मूल्यमा आफ्नो प्रशोधन शुल्क लगायत खन्य खर्च जोडेर नेपालको निम्ति बिक्री मूल्य तय गर्छ ।

त्यसपछि निगमले पेट्रोलियम आयात गरेबापत् सरकारलाई तिर्नुपर्ने भन्सार लगायत महसुलहरू, आफ्नो प्रशासनिक खर्च, ढुवानी लागत र डिलर कमिसनसमेत जोडेर उपभोक्ता मूल्य तय गर्छ । यसरी हामीले किन्ने पेट्रोल, डिजेल, मट्टीतेल र खाना पकाउने एलपी ग्यासको मूल्य निर्धारण हुन्छ ।

यो प्रक्रियामा पेट्रोलियमको मूल्य तय हुने सबभन्दा ठूलो आधार भनेकै आइओसीले अन्तर्राष्ट्रिय बजारबाट किन्ने कच्चा तेलको दाम हो । आइओसीले पछिल्ला १ महिना ८ दिनमा निगमलाई बेच्ने डिजेलको मूल्य प्रतिलिटर १५० रूपैयाँ बढाएको छ ।

फेब्रुअरी १६ मा आइओसीले डिजेलको भाउ ९१ रूपैयाँ ८८ पैसा तोकेको थियो । त्यसयता बढ्दै अप्रिल १ मा २४२ रूपैयाँ तोकेको छ । यो रकममा प्रतिलिटर ४९ रूपैयाँ २८ पैसा नेपाल सरकारले लिने राजस्व तथा शुल्क थप हुन्छ । २ रूपैयाँ ३९ पैसा निगमको सञ्चालन खर्च छ । सबै गर्दा डिजेलको भाउ २९३ रूपैयाँ प्रतिलिटर पुग्छ । तर निगमले काठमाडौं उपत्यकामा हाल १८२ रूपैयाँमा बिक्री गरिरहेको छ ।

त्यसैले अहिले एक लिटर डिजेलमा १२० रूपैयाँ घाटा रहेको निगमले जनाएको छ । यो एक महिना ८ दिनमा डिजेलमा मात्रै करिब १० अर्ब रूपैयाँ घाटा भएको पनि निगमले जनाएको छ ।

त्यस्तै फेब्रुअरी २७ सम्म भारतले प्रतिलिटर ७९ रूपैयाँमा पठाएको पेट्रोल अहिले १५४ रूपैयाँ पुगेको छ । पेट्रोलमा कर र निगमको सञ्चालन खर्च प्रतिलिटर करिब ७० रूपैयाँ छ । अन्य खर्च समेत गर्दा अहिले एक लिटर पेट्रोल बिक्रीमा ३४ रूपैयाँ घाटा रहेको निगमको भनाइ छ ।

अहिले काठमाडौं उपत्यकामा पेट्रोल लिटरको २०२ रूपैयाँ पर्छ । एक महिना ८ दिनमा पेट्रोलमा मात्र १ अर्ब १३ करोड रूपैयाँ घाटा भएको निगमले जनाएको छ ।

खाना पकाउने ग्यासको भाउ पनि प्रति सिलिन्डर १९० रूपैयाँले बढेर आएको छ । निगमले भने हालसम्म मूल्य बढाएको छैन । ग्यास यसअघि पनि लागत मूल्यभन्दा कममा बेचिर हेको निगमको भनाइ छ ।

ग्यासमा अहिले निगमलाई प्रतिसिलिन्डर ४१६ रूपैयाँ घाटा छ । पछिल्लो एक महिनाको घाटा मात्रै ६३ करोड रूपैयाँ पुगेको छ । हवाई इन्धन र अन्य पेट्रोलियम पदार्थमा भएको सामान्य नाफा घटाएर पनि अहिले निगम लागत मूल्यको तुलनामा मासिक करिब ११ अर्ब रूपैयाँभन्दा बढी घाटामा पुगेको छ ।

यद्यपि केही घाटा विगतमा स्थिरीकरण कोषमा राखिएको र कमबाट पूर्ति गर्ने तयारी छ ।

निगमले पेट्रोल प्रतिलिटर २.०२ रूपैयाँ, डिजेल १.८२ रूपैयाँ, मट्टितेल २.५१ रूपैयाँ र हवाई इन्धन २.७० रूपैयाँ स्थिरीकरण कोषमा राखेको हुन्छ । त्यस्तै ग्यास प्रतिसिलिन्डर १९ रूपैयाँ जम्मा गरेको हुन्छ ।

विश्व बजारमा कच्चा तेलको मूल्य यस अवधिमा करिब ३८ प्रतिशत बढेको छ । फेब्रुअरी अन्त्यमा प्रतिब्यारेल ७९ डलर रहेको कच्चा तेल अहिले १०९ डलर पुगेको छ । यही कारण भारतीय बजारमा औद्योगिक डिजेलको मूल्य २५ प्रतिशत बढेको छ ।

खाडी क्षेत्रमा इरान-अमेरिका सम्बन्धमा आएको तनाव र स्ट्रेट अफ हर्मुज आसपास आपूर्ति अवरूद्ध हुन सक्ने जोखिमले विश्व बजारमा त्रास सिर्जना गरेको छ । विश्व बजारमा खपत हुने तेलको ठूलो हिस्सा यही मार्गबाट आपूर्ति हुने भएकाले त्यहाँ अवरोध उत्पन्न हुँदा मूल्यमा असर पर्छ ।

यसबाहेक कच्चा तेल उत्पादक देशहरूको आपूर्ति व्यवस्थापन, उत्पादन कटौती र ढुवानी जोखिमसमेत मूल्य वृद्धिका थप कारण बनेका छन् ।

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेल महँगिएपछि त्यसकै आधारमा निर्धारण हुने पेट्रोल, डिजेल र ग्यासको मूल्य पनि स्वत: बढ्ने भएकाले समग्र पेट्रोलियम पदार्थको मूल्यमा असर पर्छ ।

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) का अनुसार कच्चा तेलको मूल्य एक वर्षसम्म प्रतिब्यारेल १० डलर बढ्दा बजार मूल्य ०.४ प्रतिशत बिन्दुले बढ्छ ।

अर्थशास्त्री गुणाकर भट्टका अनुसार तेल संकटले विश्व अर्थतन्त्रलाई आर्थिक संकुचनतर्फ लैजाने जोखिम बढाएको छ ।

'अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य बढ्दा विश्व आर्थिक वृद्धि घट्छ । भारतमा महँगी बढ्दा नेपालमा त्यसको असर तुरून्त देखिन्छ । त्यसैले तेल महँगिए नेपालमा पनि मूल्य वृद्धि बढ्ने र आर्थिक वृद्धि घट्ने सम्भावना हुन्छ,' उनले भने, 'यस्तो अवस्था लामो समय रह्यो भने हाम्रो बाह्य क्षेत्र र आन्तरिक माग दुवै कमजोर हुन सक्छ ।'

त्यस्तै, महँगो तेल आयात गर्दा डलरमा बढी खर्च गर्नुपर्दा विदेशी विनिमय सञ्चितिमा दबाब पर्ने र यसले अर्थतन्त्रमा असन्तुलन बढ्ने पनि उनले बताएका छन् ।

*स्वास्थ्यका उपकुलपति राजनीतिक नियुक्ति हुन :*

# के छ कानुनी व्यवस्था

काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) को नेतृत्वमा नयाँ सर कार गठन भएसँगै राज्यका विभिन्न निकायमा रहेका राजनीतिक नियुक्तिहरू खारेज गर्ने चर्चाले तीव्रता पाएको छ । प्रधानमन्त्री शाहले पदभार ग्रहण गरेलगत्तै विभिन्न मन्त्रालय र सार्वजनिक निकायहरूमा भएका राजनीतिक नियुक्तिको विवरण संकलन कार्य सुरु भइसकेको छ ।

स्वास्थ्य क्षेत्रमा पनि विभिन्न निकायहरुमा राजनीतिक नियुक्तिहरु हुँदै आइरहेको छ । विशेषगरी अस्पताल विकास समितिमा राजनीतिक पहुँचका आधारमा सोझै नियुक्ति दिने गरिन्छ भने परिषदहरुमा पनि राजनीतिक आस्थाका आधारमा नियुक्ति दिँइदै आएको देखिन्छ ।

स्वास्थ्य क्षेत्र अन्तर्गतकै विभिन्न स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूमा कार्यरत उपकुलपति हरूको नियुक्तिलाई लिएर पछिल्लो समय ठूलो जिज्ञासा उत्पन्न भएको छ ।केहीले राजनीतिक भागवन्डाका आधारमा उपकुलपतिहरु नियुक्ति भइरहेको तर्क गरिरहेका छन् भने केहीले उपकुलपतिहरु प्रतिस्पर्धाबाट आउने भएकाले राजनीतिक नियुक्ति मान्न नमिल्ने बताइरहेका छन् ।

स्वास्थ्यखबरमा पनि यो विषयमा धेरै जिज्ञासा आइरहेको छ । स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपतिहरुको नियुक्ति पनि राजनीतिक हुन् र नयाँ सरकारको 'खारेजी सूची'मा पर्छन्? भन्ने जिज्ञासाका विषयमा स्वास्थ्यखबरले स्वास्थ्य मन्त्रालय र सम्बन्धित कानुनी प्रावधानहरूका विषयमा खोजी गरेको छ ।

*के स्वास्थ्यका उपकुलपति राजनीतिक नियुक्ति हुन् ?*

सामान्यतया विश्वविद्यालय र प्रतिष्ठानका शीर्ष पदहरूमा दलीय भागबन्डा हुने गरेको आरोप लाग्दै आए पनि स्वास्थ्य मन्त्रालयका अधिकारीहरू भने प्रतिष्ठानका उपकुलपति चयन प्रक्रिया 'विशुद्ध राजनीतिक' नभएको दाबी गर्छन् ।

संचारकर्मीलाई प्राप्त जानकारी अनुसार हाल सञ्चालनमा रहेका ६ संघीय र २ प्रदेश गरी आठवटै स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपतिहरू एक विशिष्ट कानुनी प्रक्रिया र मापदण्डका आधारमा छनोट गरिएका हुन् ।

उपकुलपतिहरुको नियुक्ति सम्बन्धित प्रतिष्ठानको ऐन र नियमावली तथा मन्त्रिपरिषद्ले २०७३ सालमा पारित गरेको 'स्वास्थ्य मन्त्रालय अन्तर्गतका सार्वजनिक निकायका पदाधिकारी नियुक्तिको मापदण्ड र मनोनयन सम्बन्धी मापदण्ड' अनुसार भएका छन् ।

# विद्यालयमा सिसी क्यामेराबाट कक्षा कोठाको निगरानी

कञ्चनपुर/कञ्चनपुरको बेलौरी नगरपालिका-९ स्थित सिद्धकेदार नाथ आधारभूत विद्यालयमा सिसी क्यामेराबाट कक्षा कोठाको निगरानी गरिएको छ ।

शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउने तथा अनुशासन कायम गर्ने उद्देश्यले क्यामेरा जडान गरेर प्रधानाध्यापकको कार्यकक्षबाटै कक्षा कोठाको निगरानी गर्ने व्यवस्था मिलाइएको विद्यालयका प्रधानाध्यापक परमानन्द जोशीले जानकारी दिए । पालिकाको सहयोगमा विद्यालयमा सिसी क्यामेराबाट कक्षामा शिक्षक र विद्यार्थीबीच हुने गतिविधि प्रत्यक्ष अनुगमन गर्न सकिने भएको विद्यालयले जनाएको छ ।

'ससाना कामका लागि कक्षा कोठा चहार्नु पर्दैन प्रधानाध्यापककै कक्षा कोठाबाट निगरानी गर्न सकिन्छ', उनले भने, 'विद्यालयका २४ क्यामेरा र माइक राखिएका छन् ।' उनका अनुसार क्यामेरा जडानपछि कक्षाकोठामा अनुशासन बढेको र सिकाइ वातावरण थप व्यवस्थित भएको छ ।

'कक्षामा हुने गतिविधि सहजै अवलोकन गर्न सकिने भएकाले शिक्षण प्रक्रिया अझ प्रभावकारी भएको छ', उनले भने, 'शिक्षक नभएको अवस्थामा प्रअको कार्यकक्ष–बाटै विद्यार्थीहरुलाई कक्षाकार्य दिने गरेका छौं ।'

उनले अहिलेको प्रविधिसँग विद्यार्थीलाई जोड्न सके शिक्षण सिकाइ प्रभावकारी हुने बताए । 'यो प्रविधि खर्चिलो छ यसका लागि एउटा विज्ञ कर्मचारी राख्नुपर्ने अवस्था छ', प्रअ जोशीले भने, 'विभिन्न समयमा आउने प्राविधिक समस्या युट्युब हेरेर समाधान गर्ने गरेको छु ।' उनका अनुसार बेलौरी नगरपालिकाको रु तीन लाख सहयोगमा हरेक कक्षामा माइक र क्यामेरा जडान गरिएको हो ।

बेलौरी नगरपालिकाले पनि सामुदायिक विद्यालयको गुणस्तरमा वृद्धि गर्नका लागि विद्यालयमा आइसिटी र विज्ञान प्रयोगशालामा जोड दिएको नगरपालिकाका शिक्षा शाखा प्रमुख अमितप्रसाद भट्टले जानकारी दिए ।

## वन पैदावार लिलाम बिक्रीसम्बन्धि सूचना


*प्रथम पटक प्रकाशन मिति २०८२/१२/२४ गते ।*

**यस सावउसले आ.व. २०८०/०८१, आ.व. २०८१/०८२ र आ.ब. २०८१/०८२ मा स्वीकृत वन कार्ययोजनामा व्यवस्था भएअनुसार ढलापाडा तथा दिगो वन व्यवस्थापन कार्ययोजना बमोजिम रुखहरु कटान मूछान गरी बिक्री गर्दा छुटयाईएको जिल्ला वन पैदवार आपूर्ति समितिलाई छुट्टयाईएको गोलिया काठ जिल्ला वन पैदावार आपूर्ति समितिले उठाउन नसकिएकोले वन नियमावली-२०७९ को नियम २२ को उपनियम (५) बमोजिम साल गोलिया थान २२५ को १६०४.९० क्यूफि काठ बोलपत्रमार्फत् लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उद्योगले यो सूचना प्रथम पटक प्रकाशित मितिले २१ दिन भित्र खरिद गरि २२औं दिन दिनको १२ बजेभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्ह्वान गरिन्छ । विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।**

**श्री पशुपति सामुदायिक वन उपभोक्ता समूह**

मनहरी-७ मकवानपुर

## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




**आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ । स्थान:** रातोमाटे भोर्ले ।
**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**






# २ दिने बिदा प्रभावकारी होला ?

सन्देश संवाददाता

काठमाडौं/अमेरिका-इरानयुद्ध र त्यसबाट सिर्जित इन्धन संकटको अवस्थामा सरकारले दुई दिन सार्वजनिक बिदाको घोषणा गरेको छ।

हप्ताको छ दिनको साटो पाँच दिन कार्यालय खुल्ने तर अवधि भने लम्ब्याउने रणनीतिका साथ सरकारले सोमबारदेखि नै लागू हुने गरी कार्यालय समय परिवर्तन र सार्वजनिक बिदाको घोषणा गरेको हो।

सरकारका प्रवक्ता एवम् शिक्षा मन्त्री सस्मित पोखरेलका अनुसार, शैक्षिक संस्थाबाहेक अरुका हकमा उक्त कार्यालय समय लागू हुनेछ। उनले भने, 'शैक्षिक संस्थाबाहेक कार्यालय समय बिहान ९ देखि बेलुकी ५ बजेसम्म कायम गरिएको छ।'

नेपालमा सार्वजनिक र सेवा क्षेत्रमा सातामा ४० घण्टासम्म काममा लगाउने अभ्यास चलिरहेको छ। अहिले दैनिक ७ घण्टा र शुक्रबार ५ घण्टा गरी ४० घण्टा कार्यालय समय तोकिएको थियो। अब भने दैनिक ८ घण्टाका दरले पाँच दिन काम गरे हुने व्यवस्था गरिएको हो।

सरकारले निर्णय गरेसँगै देशभरका न्यायालयहरुले पनि सोमबारदेखि बिहान ९ बजे नै कार्यालय खुल्ने सूचना निकालेका छन्। सुरक्षा निकाय र त्यहाँबाट हुने औपचारिक कामकारबाहीको समयतालिका पनि अब बदलिनेछ। सेवामूलक निजी क्षेत्रले पनि समय तालिका परिवर्तन गर्नेछन्।

तर, शैक्षिक निकायहरुको बारेमा भने स्पष्ट खाका आइसकेको छैन। अनौपचारिक प्रकृतिको श्रम खपत गर्ने क्षेत्रमा हुने समय व्यवस्थाको टुंगो लागिसकेको छैन।

**तीन दशकमा दोस्रो प्रयास**

२०५६ सालयताका अभ्यास हेर्ने हो भने नेपालमा दुई दिन सार्वजनिक बिदा दिने घोषणा भएको यो तेस्रोपटक हो। यसअघिका दुई अभ्यास भने विभिन्न कारणले कार्यान्वयन हुन सकेनन्।

२०४८ सालको प्रशासन सुधार आयोगले कर्मचारीहरुको कामको प्रभावकारिता बढाउन र ट्राफिक व्यवस्थापन गर्न सातामा पाँच दिन कार्यालय समय तोक्नुपर्ने सुझाव दिएको थियो। कांग्रेस नेता कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारले २०५६ सालमा यो खालको अभ्यास गरेको थियो।

१ साउन, २०५६ बाट सुरु भएको दुई दिन बिदाको अभ्यास काठमाडौं उपत्यकामा मात्रै लागू भएको थियो। त्यतिबेला दुई दिने बिदाको अवधारणा सेवा प्रवाह र सेवा ग्राहीको सहजताका लागि कार्यान्वयन गरिएको थियो। त्यतिबेला करिब दुई वर्ष दुई दिने बिदाको अभ्यास कार्यान्वयन भयो।

शेरबहादुर देउवा प्रधानमन्त्री भएका बेला २०७९ सालमा दोस्रो पटक दुई दिन बिदाको अभ्यास फेरि सुरु भयो। १ जेठ, २०७९ मा देउवा सरकारले बिहान साढे ९ देखि बेलुकी साढे ५ बजेसम्म कार्यालय खुल्ने अभ्यास गराएको थियो।

व्यापार घाटा भएको र नेपालमा विदेशी मुद्राको सञ्चिति कम भएका बेला सुरु गरिएको त्यो अभ्यासको उद्देश्य इन्धनको खपत घटाउनु थियो। करिब एक महिनामै त्यतिबेलाको अभ्यास कार्यान्वयन हुन सकेन।

**संकट समाधानको बाटो**

बिश्वका अन्य मुलुकहरुले दुई दिनको बिदालाई वर्षौंदेखि अंगिकार गरे पनि नेपालमा भने यसलाई संकट समाधानको उपायको रुपमा अवलम्बनको प्रयास गरेको देखिन्छ। इन्धन संकट, ट्राफिक जामको समस्या बढेमा मात्रै समाधानका लागि नेपालमा दुई दिने बिदाको अवधारणा कार्यान्वयनमा ल्याउने गरिएको छ।

पर्यटन मन्त्रालयले २०७७ सालमा कोरोना महामारीपछि थलिएको अर्थतन्त्रलाई उकास्न र मुलुकको आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न दुई दिन सरकारी बिदा दिनेबारे अध्ययन र गृहकार्य थालेको थियो। त्यतिबेला पर्यटन मन्त्रालयका सहसचिव कमलप्रसाद भट्टराईको नेतृत्वमा बनेको कार्यदलले अध्ययन गरेर प्रतिवेदन नै तयार पारेको थियो।

प्रतिवेदनअनुसार, त्यतिबेला १ सय २७ देशमध्ये १ सय १५ देशमा हप्तामा दुई दिन बिदा हुन्थ्यो। ९१ प्रतिशत मुलुकमा सातामा दुई दिन बिदा हुने गरेको थियो। प्राय: मुलुकहरुले साप्ताहिक कामको अवधि ४० घण्टा वा त्यो भन्दा कममा सीमित गरेका थिए।

मुलुकमा एकात्मक व्यवस्था भएका बेला सेवाग्राही दुर्गमबाट सदरमुकाम जानुपर्ने र काम नभएमा २/३ दिन बस्नुपर्ने भए पनि अहिले भने अधिकांश सेवा स्थानीय तहको केन्द्रमा उपलब्ध हुने गरेको छ। त्यही अवस्था देखाउँदै अध्ययन समितिले दुई दिन सार्वजनिक बिदा दिंदा सेवाग्राहीहरू बिगतमा झैं मर्कामा नपर्ने निष्कर्ष निकालेको थियो।

अध्ययन समितिले २०७७/०७८ को बजेटको व्यवस्थालाई आधार मानेर दुई दिन सार्वजनिक बिदाले हुनसक्ने खर्च कटौतीको अनुमान गरेको थियो। वार्षिकरुपमा एक अर्ब ६५ लाख रुपैंया बचत हुन सक्ने समितिको दाबी थियो।

**आन्तरिक पर्यटनमा टेवा**

आन्तरिक पर्यटनलाई हुन सक्ने टेवाको कोणबाट गरिएको त्यतिबेलाको अध्ययनले दुई दिनको बिदाबाट पारिवारिक तनाव कम हुने, पर्याप्त आराम र मनोरञ्जनले उत्पादकत्व बढ्ने र मुलुकको आन्तरिक पर्यटनलाई टेवा पुग्ने निष्कर्ष निकालेको थियो।

निजामती, सैनिक, प्रहरी, सरकारी र निजी विद्यालयका शिक्षक एवं सस्थानका कर्मचारी गरी करिव पाँच लाखले दुई दिन बिदा पाँउदा उनीहरुमा आश्रित २५ लाख मानिसहरुले पारिवारिक समय पाउन अध्ययनको निचोड थियो। तीमध्ये आठ लाखमात्रै घर नजिकै घुम्न निस्कदा आन्तरिक पर्यटनमा टेवा पुग्ने र त्यसले मुलुकको अर्थतन्त्र चलायमान हुने अध्ययनको अनुमान थियो।

अध्ययन समितिले दुई दिनको बिदाले मूख्य रुपमा तीनवटा क्षेत्रमा सकारात्मक प्रभाव पर्ने दावी गरेको थियो। आर्थिकरुपमा कर्मचारी, कार्यालय र संस्थानहरुको उत्पादकत्व बढ्ने निष्कर्ष निकालेको थियो।

*आवासीय विद्यालय कार्यक्रम :*

## मूल्यांकन न विस्तार, प्रभावकारिताबारे मन्त्रालय नै बेखबर

हेटौंडा/बागमती प्रदेश सरकारले शैक्षिक गुणस्तर वृद्धिका लागि आंशिकरूपमा ५ वटा विद्यालयमा आवासीय विद्यालय कार्यक्रम सञ्चालन गरेको छ। चितवन, धादिङ, सिन्धुली, दोलखा र सिन्धुपाल्चोक जिल्लाका एक/एक वटा विद्यालयमा सञ्चालित यो कार्यक्रममार्फत कुल ६६२ विद्यार्थीलाई सहभागी गराइएको छ।

प्रदेश सरकारले लोपोन्मुख तथा अति सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा पहुँच पुऱ्याउने उद्देश्यले सुरु गरेको 'आवासीय विद्यालय कार्यक्रम' लक्ष्य अनुरुप विस्तार हुन सकेको छैन। कार्यक्रम सुरु भएपनि प्रभावकारिता र नतिजाबारे पनि अध्ययन हुन सकेको छैन। उक्त कार्यक्रमको प्रभावकारिताबारे सामाजिक विकास मन्त्रालय नै बेखबर देखिन्छ।

बागमती प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमको बुँदा नम्बर ६४ मा लोपोन्मुख र अति सीमान्तकृत समुदायका बालबालिकाहरूको पहुँच र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सामुदायिक विद्यालयमा आवासीय कार्यक्रमलाई निरन्तरता दिँदै स्थानीय तहको साझेदारीमा आवश्यकताअनुसार आवासीय विद्यालय विस्तार गरिनेछ। अनिवार्य तथा नि:शुल्क शिक्षाको कार्यान्वयनमा तहगत सरकारसँग सहकार्य गरिनेछ भन्ने उल्लख छ।

प्रदेश सरकारको बजेट वक्तव्यको बुँदा नम्बर १२७ मा स्थानीय तहको साझेदारीमा हाल सञ्चालनमा रहेका सामुदायिक विद्यालयका आवासीय कार्यक्रमलाई निरन्तरता दिइने उल्लेख। लोपोन्मुख र अति सीमान्तकृत समुदायका जिरेल, सुरेल, थामी, चेपाङ, माझी, दनुवार लगायत बालबालिकाहरूको अनिवार्य तथा नि:शुल्क शिक्षामा पहुँच अभिवृद्धि गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिनेछ भन्ने उल्लेख छ।

हरेक वर्ष प्रदेश सरकारको नीति कार्यक्रम र बजेटमा उक्त विषय समेटिए पनि हालसम्म न सो कार्यक्रम विस्तार हुन सकेको छ न सो कार्यक्रमको प्रभावकारिता र उपलब्धिको मापन हुन सकेको छ। विद्यालयको गुणस्तर वृद्धिका लागि आवाशिय विद्यालयको मोडलमा अघि बढ्न सरकारको रणनीति कार्यान्वयनमा भने कमजोर देखिन्छ।

प्रदेश सरकारले सो कार्यक्रमलाई 'निरन्तरता र विस्तार' गर्ने नीति लिए पनि हालसम्म ५ जिल्लाका ६ वटा विद्यालयमा मात्र यो सीमित छ। सिन्धुलीको जनजागरण मावि, दोलखाको नीलकण्ठेश्वरी, सिन्धुपाल्चोकको रत्नराज्य, धादिङको शंखादेवी र चितवनको राष्ट्रिय मावि मजवाडमा मात्र यो कार्यक्रम सञ्चालित छ।

बागमती प्रदेशका १३ वटै जिल्लाका अतिसीमान्तकृत समुदायसम्म सो कार्यक्रम पुग्न सकेको छैन। यस वर्ष दोलखाको सीमान्तकृत सुरेल समुदायका लागि एउटा विद्यालय थप्ने योजना बने पनि विस्तार हुन सकेको छैन। कार्यक्रमको विस्तार तथा विद्यालयलाई आवासीय ढंगबाट संचालन गर्न मन्त्रालयको ठोस प्रगति देखिँदैन।

***न तथ्यांक, न प्रभावकारिताको अध्ययन***

प्रदेशको ५ वटा विद्यालयमा संचालित उक्त कार्यक्रमको अवस्थाबारे मन्त्रालयसंग कुनै तथ्यांक छैन। मन्त्रालयसँग हाल सञ्चालित विद्यालयको नाम र विद्यार्थी संख्याबाहेक कार्यक्रमको नतिजाबारे कुनै ठोस तथ्यांक उपलब्ध गराउने अवस्थामा देखिँदैन। कार्यक्रमले विद्यार्थीको शैक्षिकस्तरमा कस्तो सुधार ल्यायो वा बजेटको सही सदुपयोग भयो कि भएन भन्नेबारे मन्त्रालयले हालसम्म कुनै पनि प्रभावकारिता अध्ययन गरेको छैन।

मन्त्रालयमा सूचना अधिकारी चन्द्र श्रेष्ठका अनुसार सामाजिक विकास कार्यालयमार्फत कार्यान्वयन भइरहेको उक्त कार्यक्रमको मूल्यांकन प्राप्त भएको छैन। सीमित विद्यार्थीहरूले सो कार्यक्रममार्फत सेवा लिइरहेका र सोबारे मन्त्रालयले विद्यालयको नतिजा र मूल्यांकन नगरेको उनले बताए।

सामाजिक विकास मन्त्रालयका सचिव खुबिराम अधिकारीका अनुसार आर्थिक वर्ष २०७६/७७ बाट सुरु भएको यस कार्यक्रमअन्तर्गत सुरुमा प्रतिविद्यार्थी वार्षिक ४० हजार रुपैयाँ अनुदान दिइने गरिएको थियो।

सचिव अधिकारीले लोपोन्मुख र सीमान्तकृत समुदायका बालबालिकालाई लक्षित गरी १० महिनाका लागि प्रतिविद्यार्थी उक्त रकम आवास, खाजा र खानाका लागि उपलब्ध गराइएको बताए।

*प्रधानमन्त्रीलाई पुनको आग्रह :*

## भैरहवा एयरपोर्टबारे भारतसँग रुटको कुरा गर्नुस्

सन्देश संवाददाता

काठमाडौं/नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का नेता एवं पूर्वअर्थमन्त्री वर्षमान पुनले प्रधानमन्त्री बालेन शाहलाई विभिन्न विकास आयोजना अघि बढाउन सुझाव दिएका छन्।

प्रधानमन्त्री शाहले सोमबार लुम्बिनी प्रदेशबाट निर्वाचित प्रतिनिधिसभा सदस्यहरुसँग छलफल गरेका थिए। उक्त छलफलमा सहभागी भएका पुनले आफू निर्वाचित भएको रोल्पा तथा लुम्बिनी प्रदेशका चालु विकास आयोजना र केही नयाँ परियोजनालाई प्राथमिकतामा राखेर काम अघि बढाउन प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए।



पुनले भैरहवा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल तत्काल सञ्चालनमा ल्याउन प्रधानमन्त्रीको ध्यानाकर्षण गराए। उनले अन्तर्राष्ट्रिय उडान सञ्चालनका लागि हवाई मार्गका विषयमा भारतसँग कूटनीतिक संवाद अघि बढाउन ढिलाइ गर्न नहुनेमा जोड दिए।

'भैरहवा विमानस्थलमा श्रम डेस्क राखेर अन्तर्राष्ट्रिय उडान नियमित गरेर पर्यटन क्षेत्रमा सम्भावनाको ढोका खोल्न अब ढिला गर्नु हुँदैन', पुनले भने, 'अन्तर्राष्ट्रिय हवाइ मार्गका लागि भारतसँग कूटनीतिक पहल गर्न सम्माननीय प्रधानमन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु।'

पुनले दाङको कोइलाबास-रोल्पा-रुकुम हुँदै डोल्पा जोड्ने शहीद मार्ग निर्माणको कामलाई गति दिन माग गरे। उत्तरी छिमेकी चीनको सीमासम्म छुने उक्त सडकको रणनीतिक महत्व रहेको बताए। उनले शहीद मार्गको घोराही-होलेरी- खण्ड कालोपेत्र तथा रोल्पाको सुलीचौरदेखि उवासम्म स्तरोन्तिका लागि बजेट व्यवस्था गरिदिन आग्रह गरे।

पुनले रोल्पास्थित माडी बहुउद्धेश्यीय जलविद्युत आयोजनाको काम अघि बढाउन पनि सरकारसँग माग गरे। रोल्पा नगरपालिका १ र २ मा माडीखोला थुनेर बहुउद्देश्यीय जलविद्युत आयोजना निर्माण गर्ने सरकारी स्वामित्वको हाइड्रो इलेन्ट्रिसिटी एन्ड इन्भेस्टमेन्ट डेभलपमेन्ट कम्पनी लिमिटेड र चीनको पावर कन्स्ट्रक्सन कर्पोरेसनको संयुक्त लगानीमा निर्माण ढाँचा तयार पारिएको उक्त आयोजनाको निर्माण रोकिएको छ।

पुनले आफू अर्थमन्त्री भएका बेला आर्थिक वर्ष ०८१/०८२ को बजेटमा समावेश गरिएको गण्डकी आर्थिक त्रिभुज परियोजना अघि बढाउनुपर्नेमा पनि जोड दिए। एकीकृत विकास अवधारणाअनुसार नमुना विकास अभियान सञ्चालन गर्न भरतपुर, बुटवल र पोखरालाई तीनवटा कोणमा राखी निजी क्षेत्रसँगको साझेदारीमा त्रिभुज परियोजना अघि बढाउन सकिए नयाँ आर्थिक केन्द्र विकास हुने र त्यसले मुलुकको समग्र अर्थतन्त्रमै 'गेम चेन्जर' को भूमिका खेल्न सक्ने उनको भनाइ थियो। त्रिभुज परियोजनाअन्तर्गत नारायणगढ-बुटवल खण्डलाई निर्माण सामग्री तथा हेभी उद्योगको केन्द्र, मुग्लिन-पोखरा खण्डलाई कृषि तथा खाद्य प्रशोधन उद्योगको केन्द्र र पोखरा-बुटवल खण्डलाई विद्युतीय उपकरण, जुत्ता, लत्ताकपडा, कार्पेट तथा घरायसी प्रयोगका वस्तु तथा सेवा सम्बद्ध उद्योगको केन्द्रका रुपमा विकास गर्ने भनिएको थियो। काँग्रेस र एमालेबीच ०८१ असार १७ गते राति भएको सत्ता समीकरणसम्बन्धी ७ बुँदे सहमतिपछि पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारलाई विस्थापित गरेर बनेको केपी ओली नेतृत्वको सरकारले बजेट संशोधन गरी गण्डक त्रिभज परियोजना खारेज गरिदिएको थियो।

यस्तै पुनले कृषि उत्पादनका लागि देशकै उर्वर भूमि रहेको लुम्बिनी प्रदेशमा सिंचाई, मल, बिउ, आधुनिक कृषि औजार र बजार व्यवस्थापनसहित एकीकृत विकास परियोजना अघि बढाउन सुझाए। पुनले १ सय ६५ निर्वाचन क्षेत्रकै विकासका लागि समानुपातिक वितरण हुने गरी सांसदको सिफारिसमा केही आयोजना छुट्याउन माग गरे। विगतमा पनि उक्त परम्परा रहेको उनले स्मरण गरे।

*हुस्सेन कम्पनीमा कार्यरत ५२ नेपालीको बिचल्ली :*

## श्रमिक भन्छन्, न तलब दिन्छ न घर पठाउँछ

सन्देश संवाददाता

काठमाडौं/साउदी अरेबियाको रियादस्थित हुस्सेन बिन अली अतिफामा काम गर्दै आएका नेपालीहरूको बिचल्ली भएको छ। काठमाडौंको गौशालामा रहेको नेपाल लाइफ रिक्युटमेन्टलगायतका विभिन्न म्यानपावर कम्पनीमार्फत झण्डै दुई वर्ष अगाडि साउदी पुगेका उनीहरू समस्यामा परेका हुन्।



बिगत लामो समयदेखि कम्पनीले तलब तथा खान बस्न समेत नदिने गरेको भन्दै उनीहरूले उद्धारको माग गरेका छन्। दुई वर्षे श्रम सम्झौता गरेर बिल्डिङ कन्स्ट्रक्सनको कामका लागि साउदी गएका ५० भन्दा बढी नेपालीहरूले बिचल्ली भएको भन्दै उद्धारको माग गरेका हुन्।

५० डिग्रीको धापमा काम गर्नुपरिरहेको तर, ठेकेदारले उल्टै तलब नदिने, काम नदिने, खाना, खाजा तथा पानी समेत नदिने गरेको उनीहरूको भनाइ छ। कम्पनीले ५/६ महिनादेखि तलब नदिएको, खाना बस्न तथा पानी समेत नदिएको श्रमिकले बताएका छन्। संचारकर्मीको सम्पर्कमा आएका पीडितहरूले नेपालको म्यानपावर र साउदीको ठेकेदार कम्पनीले बिचल्ली बनाएको बताएका हुन्।

एक पीडितका अनुसार कम्पनीले विगत ५/६ महिनादेखि तलब दिएको छैन, खाना, बस्न दिएको छैन। 'कसैको तीन महिनाको तलब बाँकी राखेको छ, कसैको ४ महिना, कसैको त कसैको ६ महिनाको तलब बाँकी छ। 'कम्पनीलाई धेरै पटक ताकेता गर्दा पनि दिन्छु दिन्छु भन्छ तर दिँदैन। काम गराउँछ, पैसा दिँदैन,' ती पीडितले भने।

कम्पनीले एक महिना काम गराउने, अर्को महिना काममा नआउ भन्ने र बिदामा बसेपछि उल्टै तलब काट्ने गरेको पीडितले बताए। 'काममा नआउ भनेर बिदामा राखिदिन्छ, बिदा बसेपछि पैसा काटिन्छ' उनीहरूले भने 'कसैलाई महिनाको ४०० रियाल त कसैलाई ६०० दिन्छ, हामीलाई मासिक तलब १५०० रियाल भनिएको हो। ६०० रियालमा आफू खाने कि परिवारलाई पठाउने,' ति नेपालीले भने।

कम्पनीले फ्री भिसामा ल्याएको बताउने गरेको तर, आफूहरू २ लाख भन्दा बढी पैसा तिरेर गएको उनीहरूले बताए। '२ लाख २५ हजारसम्म तिरेर, ऋण गरेर आएका थियौं। तर, यता कम्पनीले फ्री भिसामा ल्याएको भन्छ,' उनले भने।

उनीहरूलाई नेपालबाट जाँदा म्यानपावर तथा एजेन्टले दैनिक १० घण्टा काम हुने, त्यसमा ९ घण्टा काम र १ घण्टा आराम हुने भनिएको थियो। तर, काम भएको दिन १० घण्टा नै खटिने गरेको बताउँछन्। ओभरटाइम गरेको एक पैसा पनि नदिने गरेको उनीहरूको भनाइ छ।

'जति ओभरटाइम गरेपनि पैसा दिँदैन। जाने-आउने बाटो टाढा छ। बस्ने ठाउँबाट २ देखि ३ घण्टा लाग्छ। काम भएको दिन १० घण्टा काम र आउन जान गरेर १२ देखि १६ घण्टा सम्म लाग्छ,' एक पीडितले भने।

आफूहरूको समस्याबारे कम्पनीलाई भन्दा कुनै प्रवाह नगरेको बताउँदै नेपालमा रहेको म्यानपावर, स्थानीय एजेन्ट तथा दूतावाससँग समेत गुनासो राख्दा केही नभएको बताए। कतैबाट सुनुवाइ भएर समस्याको समाधान नभएपछि पीडितहरूले भिडियो बनाएर सामाजिक सञ्जालमा हालेका छन्। तर, भिडियो बनाएर हालेपछि कम्पनीले झन दबाब दिन थालेको छ।

'केही सुनुवाइ नभएर बाध्य भएर हामीले भिडियो बनाएर सामाजिक सञ्जालमा समेत हालेका छौं। अहिले एक महिनादेखि नास्ता पनि दिइरहेको छैन,' उनीहरूले भने।

पछिल्लो १५ दिनदेखि काममा समेत नलगाइएको उनीहरूले बताए। अहिले घर पठाइदिन आग्रह गर्दा पनि २ वर्ष कटाउनैपर्ने भन्दै धम्की दिने गरिएको पीडित बताउँछन्। 'कुट्ने, मार्ने धम्की दिन्छ, जसरी पनि २ वर्ष काट्नै पर्छ भन्छ,' पीडितले भने। एक अर्का नेपालीले कम्पनीमा काम गर्ने सबै नेपालीको बिचल्ली भएको बताए। उनीहरू सबै जना मिलेर आवाज उठाउँदा अचेल कम्पनीले धम्की दिने गरेको छ।

एक महिनादेखि बिहानको नास्ता समेत नदिएको बताउँदै ती नेपालीले भने, 'एक महिनादेखि नास्ता पनि दिइरहेको छैन। कामै छैन, काम छैन भनेपछि केको नास्ता, केको खाना भनेर डर देखाउँदै सबै बन्द गरिदिएको छ।'

तलब नपाएको ५ महिना भइसकेको बताउँदै ती नेपालीले अन्य कतिपय साथीहरूले ४ देखि ६ महिनाको तलब नपाएको बताए। 'ट्वाइलेटका लागि पनि मस्जिदमा जान बाध्य छौं, यहाँ शौचालयमा ताला लगाइदिएको छ' ती नेपालीले भने।

एउटा कोठामा १० देखि २० जना सम्म बस्ने गरेको उनको भनाइ छ। इटहरीको मोबिरा ओभर सिजबाट उक्त कम्पनीमा पुगेका अर्का व्यक्तिले म्यानपावर तथा एजेन्टले कुनै वास्ता नगर्ने गरेको बताए। आफूहरू ऋण निकालेर घर परिवार छाडेर दुई चार पैसा कमाउको लागि आएको, तर काम पनि नदिने र तलब समेत नदिने गरेको उनको भनाइ छ। काम, तलब तथा सेवा सुविधा खोज्दा उल्टै धम्की तथा कारबाही गरेको बताए।

'यहाँ आउनुको अर्थ बालबच्चा, घर परिवारलाई दुई रुपैयाँ होस्, बालबच्चा पढाउन सकूँ, राम्रो खान सकुन् र राम्रो लुगाफाटा लगाउन सकुन् भनेर हो। तर यहाँ आउँदा झन् त्यसको विपरित भएको छ। हामीमाथि नै कारबाही हुन्छ,' ती नेपालीले भने 'हामी काम गर्न जाँदा दुई दिन काम गऱ्यौं भने त्यस पछाडि चार दिन बसाइदिन्छ।' बिरामी हुँदा उपचार समेत नगर्ने गरेको उनको भनाइ छ। कम्पनीले बीमा गरिदिन्छु भने पनि अहिलेसम्म नभएको उनले बताए।

*सरकारलाई रामकुमारीको प्रश्न :*

## भदौ २४ को घटनाको छानबिन कहिले हुन्छ ?



सन्देश संवाददाता

काठमाडौं/नेकपा एमाले राष्ट्रिय सभाकी सदस्य रामकुमारी झाँक्रीले भदौ २४ गतेको घटनाको छानबिन नभएको दाबीसहित सरकारलाई प्रश्न गरेकी छन्। सोमबारको राष्ट्रिय सभा बैठकमा उनले २४ गते जलाइएका सिंहदर बारलगायत घटनाको सत्यतथ्य बाहिर ल्याउने काममा ढिलाइ भइरहेको बताएकी हुन्।

'भदौ २४ को घटनाको निष्पक्ष छानबिन कहिले हुन्छ ? भाद्र २३ र २४ गतेको त्यो विद्रोह शान्तिपूर्ण थियो ? अथवा त्यो हिंसात्मक वा के विद्रोह थियो ? त्यसको जिम्मा कसले लिने हो ?,' उनले भनिन्, '२३ गतेको घटनाबारे केही प्रतिवेदन आए। २४ गते खण्डहर भएका सिंहदरबारजस्ता संरचना जलाउँदा केही हुन्न भन्ने कुराको भाष्य र त्यसरी मनिटरिङ गरेर मान्छेलाई कसले पठाएको हो ?'

नवयुवालाई गलतढंगले परिचालन गर्ने र सिंहदरबारलगायत ठाउँलाई खण्डहर बनाएकामा आफू भावविह्वल भएको बताइन्। उनले त्यस घटनाको तथ्य सार्वजनिक हुनुपर्ने माग राखिन्। सरकारले कार्पेटमुनि धुलो राखेर सब ठीकठाक छ भनेर हिँड्ने काम गर्न नहुने पनि बताइन्।

**यौन हिंसाबाट बचौं र बचाऔं :**

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडाको पुरानो लोकप्रिय ब्लु हेवन टेलर्स सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको शाक्य प्लाजा मा सरेको जानकारी गराउंदछौं।
सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।




**चालु फेन्सी पसल बिक्रीमा**

हेटौंडा-४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले ईच्छुक खरिदकर्ताले सिधैं सम्पर्क राख्नुहोला।
सम्पर्क :
९८४५०३१७८६, ९८२११४००२२

**आकर्षक घडेरी बिक्रीमा**

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।
सम्पर्क नम्बर : ९८४५१२३३६६

**आकर्षक जग्गा बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका वडा नं. ८ कमाने फायरलाईनसँगै जोडिएको, सडक छेउमा रहेको ५ कठ्ठा (टुक्र्याउन सकिने) र हेटौंडा रिगल रिसोर्ट बाहिर रहेको १ कठ्ठा आकर्षक तुरुन्त बिक्रीमा छ। ईच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क गर्नु होला।
सम्पर्क : ९८४५९७८३५८, ९८४५०३१२१७

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने